हार्दिक शुभकामना

मिथिलाको कठोर पर्व जितियाको पावन अवसरमा सम्पूर्ण व्रतालुहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल

www.ejanakpurtoday.com

परिवार, जनकपुरधाम

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

मंगलमय शुभकामना



शिल्पी भगवान विश्वकर्मा पुजनोत्सवको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर | जनकपुर टुडे राष्ट्रिय दैनिक

परिवार, जनकपुरधाम

वर्ष २५ •अंक १२० • २०७९ साल आश्विन १ गते शनिबार (17 September, Saturday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

# सकिँदै प्रतिनिधिसभाको कार्यकाल, अन्योलमा नागरिकता विधेयक

**टुडे समाचारदाता**

काठमाण्डु । नागरिकता विधेयक संसदका दुवै सदनबाट पास गरेर प्रमाणीकरणका लागि दोस्रोपटक राष्ट्रपति कार्यालयमा पुगेको आज ११ दिन भएको छ ।

यसपटक भने राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक १५ दिनभित्रै प्रमाणीकरण गर्नुपर्ने स्पष्ट संवैधानिक व्यवस्था छ । तर, राष्ट्रपति भण्डारीले नागरिकता विधेयकमा किन प्रमाणीकरण गरेकी छैनन् अब के हुन्छ सबैको चासोको विषय बनेको छ ।

असोज १ गते राति १२ बजेपछि प्रतिनिधि सभाको कार्यकाल सकिँदै छ । प्रतिनिधि सभाको कार्यकाल सकिनु अघि नै प्रमाणीकरण भएन भने नागरिकता विधेयक निष्क्रिय हुने तर्क कतिपय कानूनविद्हरूले गरिरहेका छन् ।

राष्ट्रपति भण्डारीले असोज १ गतेसम्म विधेयक प्रमाणीकरण नगर्ने र त्यसपछि प्रतिनिधि सभाको कार्यकाल सकिएकाले विधेयक निष्क्रिय भएको बताउन सक्ने अनुमान कानूनविदहरूको छ ।

उनीहरूले संविधानको धारा १११ को उपधारा १० को प्रतिबन्धात्मक वाक्यांशले कार्यकाल सकिएसँगै विचाराधीन विधेयक निष्क्रिय हुने व्यवस्था गरेको बताउँछन् । संविधानको धारा १११ मा विधेयक पारित हुने विधिबारे उल्लेख गरिएको छ । उपदफा १० मा विधेयक विचाराधीन हुँदाकै अवस्थामा संसदको अधिवेशन सकिएपनि अर्को अधिवेशनमा त्यसमा कारबाही सुरू गर्न सकिने उल्लेख छ ।

त्यही उपदफाको प्रतिबन्धात्मक वाक्यांशले भने प्रतिनिधि सभाको कार्यकाल सकिए संसदका दुवै सदनमा रहेका विधेयक निष्क्रिय हुने व्यवस्था गरेको छ ।

'कुनै विधेयक प्रतिनिधि सभामा प्रस्तुत भई विचाराधीन अवस्थामा रहेको वा प्रतिनिधि सभाबाट पारित भएर राष्ट्रिय सभामा विचाराधीन रहेको अवस्थामा प्रतिनिधि सभा विघटन भएमा वा त्यसको कार्यकाल सकिएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ,' संविधानको धारा १११ उपधारा १० को प्रतिबन्धात्मक वाक्यांशमा भनिएको छ ।

यो वाक्यांशले प्रतिनिधि सभामा विचाराधीन रहेको वा प्रतिनिधि सभाबाट पास भएर राष्ट्रिय सभामा विचाराधीन रहेको विधेयकमात्र निष्क्रिय हुने व्यवस्था गरेको संविधानविदहरु बताउँछन् ।

> **'राष्ट्रपतिकहाँबाट फिर्ताआएपछि पनि संसदको दुवै सदनले फेरि पास गरेर प्रमाणीकरणको लागि पठाएको विधेयक निष्क्रिय हुन्न । १५ दिनभित्र राष्ट्रपतिले पास गर्नुको विकल्प छैन,' उनीहरुले भने ।**

'यो वाक्यांशले दुवै सदनबाट पास भएर प्रमाणीकरण भएका विधेयक पनि प्रतिनिधि कार्यकाल सकिएसँगै निष्क्रिय हुने भन्दैन,' उनीहरुले भने, 'यसले त प्रतिनिधि सभामा प्रस्तुत भएर त्यहीँ वा राष्ट्रियसभामा विचाराधीन विधेयक मात्र प्रतिनिधि सभासँगै निष्क्रिय हुने स्पष्ट व्यवस्था गरेको छ ।'

त्यसैले राष्ट्रपति भण्डारीलाई नागरिकता विधेयक पारित गर्नुको कुनै विकल्प छैन् ।

'राष्ट्रपतिकहाँबाट फिर्ताआएपछि पनि संसदको दुवै सदनले फेरि पास गरेर प्रमाणीकरणको लागि पठाएको विधेयक निष्क्रिय हुन्न । १५ दिनभित्र राष्ट्रपतिले पास गर्नुको विकल्प छैन,' उनीहरुले भने ।

पहिलो पटक प्रमाणीकरणको लागि आएको विधेयकमा राष्ट्रपतिले परिमार्जन गर्ने सुझावसहित फिर्ता पठाएकी थिइन् । उनले अंगीकृत नागरिकता, आमाको नामबाट नागरिकता दिँदा गर्नुपर्ने स्वघोषणा र प्रादेशिक नागरिकता सम्बन्धी व्यवस्थामा पुनर्विचार गर्नुपर्ने सुझाव दिएकी थिइन् ।

संसदले भने सामान्य छलफल त गर्यो तर ती व्यवस्थामा परिमार्जन नगरी पास गर्यो । त्यसपछि भदौ २१ मा सभामुख अग्निप्रसाद सापकोटाले प्रमाणीकरणका लागि पठाएका छन् ।

आफूकहाँ प्रमाणीकरणका लागि दोस्रोपटक आएको नागरिकता विधेयकबारे राष्ट्रपतिले विभिन्न राजनीतिक दलका नेता लगायतसँग छलफल पनि गरेकी छन् । तर निर्णय भने गरेकी छैनन् । उनले नागरिकता विधेयक प्रमाणीकरण नगर्दा संविधान बमोजिम योग्य भएपनि कानूनको अभावमा नागरिकता नपाएका लाखौं युवाहरू दैनिक जीवनमा कष्टकर जिन्दगी बिताउन बाध्य छन्, कतिपय भने कानून पास गर्न माग गर्दै सडक संघर्षमा पनि छन् ।

आफूले पुनर्विचार गर्न भनेर पठाएको सुझावलाई संसदले विचारसम्म नगरेकोमा उनी असन्तुष्ट रहेको कतिपयले बताउँदै आएका छन् । तर, पाँच दलीय गठबन्धनले नागरिकता विधेयक प्रमाणीकरणकालागि एउटा आयोग बनाउने र त्यो आयोगले नागरिकता विधेयक प्रमाणीकरण गराउने र राष्ट्रपतिले पनि गर्ने आन्तरिक सहमति भएको स्रोतको दाबी छ ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीले ल्याएको अध्यादेशमा एक घण्टा पनि नराखी प्रमाणीकरण गर्ने तर दुवै सदनको बहुमतले पास गरेर पठाएको विधेयक १० दिन झुलाएको भन्दै राष्ट्रपति विद्यादेवी भण्डारीको आलोचना हुने गरेको छ । राष्ट्रपतिलाई विधेयक प्रमाणीकरण गर्न असोज ५ गतेसम्म समय रहेकोछ ।

# जसपाद्वारा ६ प्रदेशको समानुपातिकको टुङ्गो

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालले सात प्रदेश मध्ये ६ वटा प्रदेशको समानुपातिक बन्द सूचीको टुङ्गो लगाएको छ । शुक्रवार देखि काठमाण्डुमा बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकबाट मधेश प्रदेश बाहेकका ६ वटा प्रदेशको समानुपातिक सिटको टुङ्गो लगाएको नेता मनिष सुमनले जानकारी दिएका छन् ।

उनले प्रदेशका कुल प्रत्यक्ष सिटको ४० प्रतिशतको अनुसारले ६ वटै प्रदेशका कलस्टर वाइज छिनोफानो गरिएको र शनिवार विहान ११ बजे बस्ने बैठकबाट मधेश प्रदेशको पनि छिनोफानो गरिने बताए । निर्वाचन आयोगले असोज ३ गते भित्र समानुपातिक बन्द सूची पेश गर्न दलहरुलाई कार्यतालिका तोकेको छ ।

यता, जसपानेपालका कार्यकारिणी सदस्य रेणु यादवले पार्टीबाट दिएको राजिनामा फिर्ता लिएकी छन् । राजिनामा फिर्ता लिएपछि शुक्रबार बसेको जसपाको कार्यकारिणी समितिको बैठकमा उपस्थित पनि भएकी छन् ।

मन्त्रीबाट हटाएपछि असन्तुष्ट भएर उनले पार्टीको सम्पूर्ण जिम्मेवारीबाट राजिनामा दिएकी थिइन् । राजिनामा दिइसकेपछि बसेको जसपाको बैठकले उनलाई कार्यकारिणीबाट हटाएर केन्द्रीय सदस्यमा मात्र राखेको थियो । उनलाई पार्टीमा फर्किन दबाब आएपनि उनी मानिरहेकी थिइनन् । उनी एमालेलगायत अन्य विभिन्न दलहरूसँग कुराकानी गरिरहेका थिइन् । अरु पार्टीमा प्रवेश गर्ने तयारी चलिरहँदा जसपाका अध्यक्ष उपेन्द्र यादवले स्वयं उनलाई पार्टीमा फर्काउन प्रयास गरेका थिए ।

सोही प्रयास स्वरुप उनले आफ्नो राजिनामा फिर्ता लिएकी छन् । उनी शुक्रवारको कार्यकारिणी समितिको बैठकमा सहभागी भएकी छन् । स्रोतले भन्यो, 'शुक्रबारको बैठकले उनलाई कार्यकारिणीमा राख्नेछ ।'




# गठबन्धनमा प्रचण्ड र माधव असन्तुष्ट

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीले आफूले जितेको प्रतिनिधि सभा र प्रदेश सभाको सिट कुनै हालतमा नछाड्ने अडान लिएका छन् । सत्ता गठबन्धनको सिट बाँडफाँटका लागि पटक पटक भएको बैठकमा मापदण्डको पहिलो प्राथमिकतामा जितेको सिटमा गठबन्धनको सम्बन्धित दलले नै पाउने र बाँकीमा बाँडफाँट हुनुपर्ने अडान राख्दै आएका छन् ।

नेपाली कांग्रेसले स्थानीय निकायको मत परिणामलाई पनि आधार मान्नुपर्नेमा जोड दिएको छ । जस अनुसार माओवादी, नेकपा एस र जसपाले २०७४ मा जितेको सिटमा कमजोर अवस्था भए छाड्नुपर्ने शर्त छन् । तर, प्रचण्ड, माधव नेपाल र उपेन्द्र यादव तीनैजना यसमा असहमत छन् ।

माओवादीले २०७४ मा जितेको ३६ सिट नछाड्ने अडान लिइरहेको छ । प्रचण्ड त्यसमा अडिग छन् । विगतमा जितेको सिटमा थप अन्य सिटहरु लिने गरी प्रचण्डले प्रस्ताव राखेको बुझिएको छ । नेकपा एसका सोमनाथ पाण्डेले जितेको पाल्पा २ र बाँकी १२ बहालवाला सांसद भएको क्षेत्र नछाड्ने अडान कसिरहेका छन् । तनहुँमा रामचन्द्र पौडेललाई छाडेर किसान श्रेष्ठलाई कुनै अर्को क्षेत्रमा लानेमा माधव नेपाल लचिलो भएका छन् । बाँकी क्षेत्रहरु कुनै हालतमा नछाड्ने भएका छन् ।

> **जसपाले २०७४ मा जितेर बहालवाला सांसद रहेका ९ जनाको चुनावी क्षेत्र नछाड्ने अडान लिएको छ । उपेन्द्र यादवले थप १० क्षेत्र समेत मागेको बुझिएको छ ।**

जसपाले २०७४ मा जितेर बहालवाला सांसद रहेका ९ जनाको चुनावी क्षेत्र नछाड्ने अडान लिएको छ । उपेन्द्र यादवले थप १० क्षेत्र समेत मागेको बुझिएको छ ।

बाबुराम भट्टराई र महिन्द्र राय यादवले पनि आ आफ्नो क्षेत्रमा गठबन्धनबाट साझा उम्मेदवार बन्न प्रचण्डसँग कुरा मिलाइसकेका छन् । बाबुरामले छोरी मानुषीका लागि काठमाण्डुको कुनै एक क्षेत्र सुनिश्चित गर्न खोजेका छन् ।

जनमोर्चा नेपालले प्यूठान नछाड्ने भएको छ । उक्त क्षेत्रमा बामदेवको दाबी भएपनि जनमोर्चा अडान छाडेका छैनन् ।

कांग्रेसले आफूहरुबाट बहालवाला सांसद रहेको क्षेत्र पनि दाबी गरेको भन्दै प्रचण्ड, माधव नेपाल र उपेन्द्र यादव असन्तुष्ट भएका छन् । उनीहरुले कुनै हालतमा पछि नहट्ने गरी अडान लिएका छन् ।



# मिथिलाञ्चलमा जितिया पर्वको रौनक

टुडे समाचारदाता

जनकपुरधाम।पवित्रमानिएको जितिया पर्व जनकपुरसहित सम्पूर्ण मिथिलाञ्चलमा आजदेखि धार्मिक विधिअनुसार सुरु भएको छ। व्रत बस्नुअघि महिलाले घिरौंलाको पातमा भगवान् जितमाहन र दिवङ्गत पितृलाई प्रसाद चढाई चिउरा दही र अमोट (आँपको रसबाट तयार हुने खाद्य पदार्थ) खान्छन्। शुक्रबारको दिनलाई 'नहा, खाय' अर्थात् नुहाएर खानु भनिन्छ।

आज शनिबार बिहान ४ बजेदेखि पानीसमेत नखाई उपवास बसेका बर्तालु महिलाले पर्सि आइतबार बिहान १० बजे व्रत सम्पन्न गर्ने छन्। बर्तालुले जनकपुरधामको पवित्र जलाशय गङ्गासागर, अरगजसर, धनुष सागर, गोरधोइ पोखरीलगायत पोखरी र नदीमा स्नान गरी जितमाहनको कथा सुनेर व्रतको शुभारम्भ गरेका छन्। यस्तोमा पाकाले भन्ने र तन्नेरीले सुन्ने चलन रहेको छ।

व्रत बस्नु अघिल्लो दिन बर्तालुले विभिन्न जलाशयमा स्नान गरी घिरौंलाको पातमा पिना, सखखर र तोरीको तेल चढाउनुपर्छ। देवतालाई चढाएकै तेलमध्येबाट आ-आफ्ना शाखा सन्तानलाई पनि लगाउन दिनुपर्छ। व्रतको पहिलो दिन पूजापछि कोदोको रोटी, नुनीको साग र माछा खाने चलन छ। यसलाई स्थानीय भाषामा माछ मरुवा (माछा र कोदो) भनिन्छ। विधिअनुसार बिहान काग कराउनुभन्दा पहिल्यै व्रती महिलाले ओठगन सम्पन्न गर्नुपर्छअर्थात् केही खानेकुरा ओठमा लगाउनुपर्छ।

धेरैजसो महिलाले ओठगनमा च्यूरा, दही खाने गर्दछन्। त्यसपछि विकट उपवासका क्रम सुरु हुन्छ। आश्विन कृष्ण पक्षको अष्टमीका दिन मनाइने यस व्रतको विशेष महत्व रहेको छ। सन्तानको दीर्घ जीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुख शान्तिका लागि मनाइने जितिया पर्वको छुट्टै धार्मिक सांस्कृतिक तथा तान्त्रिक महत्वसमेत रहेको बताए। पितृ पक्षमा मनाइने यस पर्वमा महिलाले पनि आफ्नो दिङ्वगत पितृलाई पिण्ड चढाउने गरेकाले मिथिला महिलाको सांस्कृतिक भूमिका र महत्व पनि उजागर हुने छ।

मिथिलाञ्चलमा मनाइने व्रतमध्ये जितिया व्रतलाई निकै पवित्र व्रतका रुपमा मानिने गरिएको छ। उपवास बसेका दिन महिलाले डकार (ढ्याउ) गरे अथवा मुखले खकार (थुक निल्नु) वा जिब्रो टोके भने पनि व्रत असफल भएको मानिन्छ। त्यसैले यस पर्वलाई खर जितिया पनि भनिन्छ। फेरि एकपटक असफल भएकी व्रती आजीवन व्रत बस्न पाउँदिनन्।"

राजा शालिवहानको राज्यमा एउटी महिलाका सात जना छोरालाई दैत्यले उठाएर लगेपछि राजाले सातै छोरालाई दैत्यबाट फिर्ता ल्याइदिएका कारण महिलाले त्यस दिनदेखि शालिवहानलाई जिमुत बहान नामकरण गरी राजाको सम्झनामा उपवास बसेर यो व्रत सुरु भएको पौराणिक कथन छ।



*आज शनिबार बिहान ४ बजेदेखि पानीसमेत नखाई उपवास बसेका बर्तालु महिलाले पर्सि आइतबार बिहान १० बजे व्रत सम्पन्न गर्ने छन्। बर्तालुले जनकपुरधामको पवित्र जलाशय गङ्गासागर, अरगजसर, धनुष सागर, गोरधोइ पोखरीलगायत पोखरी र नदीमा स्नान गरी जितमाहनको कथा सुनेर व्रतको शुभारम्भ गरेका छन्। यस्तोमा पाकाले भन्ने र तन्नेरीले सुन्ने चलन रहेको छ। व्रत बस्नु अघिल्लो दिन बर्तालुले विभिन्न जलाशयमा स्नान गरी घिरौंलाको पातमा पिना, सख्खर र तोरीको तेल चढाउनुपर्छ। देवतालाई चढाएकै तेलमध्येबाट आ-आफ्ना शाखा सन्तानलाई पनि लगाउन दिनुपर्छ। व्रतको पहिलो दिन पूजापछि कोदोको रोटी, नुनीको साग र माछा खाने चलन छ। यसलाई स्थानीय भाषामा माछ मरुवा (माछा र कोदो) भनिन्छ। विधिअनुसार बिहान काग कराउनुभन्दा पहिल्यै व्रती महिलाले ओठगन सम्पन्न गर्नुपर्छअर्थात् केही खानेकुरा ओठमा लगाउनुपर्छ।*

**जितिया पर्वबारे मधेशमा एउटा भनाइ छ :**

**जितिया पावनि बड भारी**
**धियापूताके ठोकी सुतौलनि**
**अपने खयलनि भरि थारी**

अर्थात् जितिया पर्व निकै कठिन छ। यो पर्व गर्न आमाले छोराछोरीलाई ठोक-ठाक पारेर सुताइदिन्छे अनि आफू थालभरि खान्छे तर वास्तविकता त्यो होइन, त्यो त खाली त्यसको पवित्रता र महत्वलाई दर्साउने गरी त्यो पर्व गर्नुभन्दा अगाडि प्रत्येक महिलाले व्रत लिन अपनाउने सतर्कताका क्रममा गरिने चरणको कार्य मात्र भएको छ।

यस पर्वको आफ्नै विशिष्ट विधि विधान रहेको छ। पर्वको एक दिनअघि अर्थात् आश्विन कृष्ण सप्तमीका दिन सधवा स्त्रीगण माछा एवं कोदोको रोटी खाने गर्छन् भने विधवाद्वारा भात, चिउरा, कोदोको रोटी खाने परम्परा रहेको छ। शाकाहारी हुनेले स्नान गरेर गम्हरी (कोसाभित्रै फल्ने धान)को खीर वा भात पनि खाने चलन छ। अष्टमी तिथिको बिहान ३-४ बजेतिर नै प्रत्येक महिलाले आचमन शुद्धी गरी घिरौंलाका पातमा तेल लगाएर त्यसमाथि पिनाको अर्घ राख्छन्। त्यसपछि दिन-रात उपवासमा बस्नुपर्ने भएकाले छाकभरि भोजन गर्छन्। महिलाले व्रत-उपवास गर्नुभन्दा पहिला नै खाने गरेकाले नै होला, यस व्रतका सन्दर्भमा माथि उल्लेख गरिएको भनाइको चलन भएको विश्वास छ।

बच्चा ब्युँझेपछि तिनका आमाले तिनको मुख, हात धुन लगाई रातिमा तिनका लागि घिरौंलाका पातमा राखेका नैवेद्य स्वरुपको चिउरा, दही खान दिन्छन् र आफू दिनरात उपवासमा बसेर जिमुतवाहन तथा चिल र स्यालको कथा सुन्छन्। जुन दिन नुहाएर खाइन्छ त्यसको भोर (बिहानी पख)मा घरको भित्तामा अडेस लिएर मन्त्र पढिन्छ जसलाई ओङ्गठन भनिन्छ। ओङ्गठनको मन्त्र यसप्रकार रहेको छ :

**धियाके जनम जनि दिय हे विधाता**
**देवनि सहोदर जेठ भाय**
**घैलाके ओङगठन गेरुलि**
**बहिनियाँके ओङगठन भाय ॥**

आज बिहानै सकालै उठेर व्रतीले पोखरी, नदीमा गएर स्नान गर्छन् र त्यही डिलमा घिरौंलाको पात, कचौरामा लगेको तेल लगाई त्यसमाथि हल चढाएर अर्घ दिसकेपछि घर आउँछन् र आ-आफ्ना सन्तानका कपालमा कचौरामा रहेको सो पुजनको तेल लगाइदिने चलन रहेको छ। यसपछि सबैलाई दही, चिउरा र फलफूल खान दिएर व्रती आफू पनि पारायण गरेर पर्वको समापन गर्छन्।

**यसरी गरिन्छ जिमुतवाहनको पूजा**

कृष्णअष्टमीका दिन बर्तालुले नजिकको पोखरी, तलाउमा स्नान गरी भगवान् सूर्यलाई अर्घ अर्पण गर्छन्। त्यसपछि व्रतको सङ्कल्प गर्छन् र घरमा आएर डाली भर्ने गरिन्छ। डालीमा नरिबल, काँक्रो, स्याउ, केरालगायतका फलफूल राखेर नयाँ कपडाले छोपिन्छ।

मध्याह्नतिरटोलभरिकामहिलाले एक ठाउँमा भेला भएर जिमुतवाहन व्रतको महत्व, पर्वको शुभारम्भ, जिमुतवाहन देउताका बारेमा एक वृद्ध बर्तालु महिलाले कथावाचन गर्नुहुन्छ र सबैले कथा श्रवण गरेपछि आ-आफ्ना घर फर्किन्छन्।

साँझतिर आँगनमा गाईको गोबरले लितपोत गरेर एउटा सानो खाल्डो खनेर पोखरीको निर्माण गरिन्छ। त्यो पोखरीको डिलमा पाकडी रूखको सानो हाँगा गाड्नुका साथै हाँगामा माटोको चिलको आकृति र हाँगामुनि स्यालको आकृति बनाउँछन्। त्यहाँ जलले भरिएको कलशमा कुशको जिमुतवाहनको मूर्ति राखिन्छ र फलफूल लिएर जिमुतवाहनको बर्तालु महिलाले पूजापाठ गर्छन्।

भविष्य पुराणमा वर्णन गरेअनुसार शालिवाहन राजाका पुत्र जिमुतवाहन हुनुहुन्थ्यो। उहाँमाथि महादेवको ठूलो कृपा रहेकाले नियमनिष्ठाले व्रत गर्ने महिलालाई सन्तान दीर्घायु हुने वरदान भगवान्‌बाट प्राप्त गरेका थिए।

हिन्दू धर्मको विभिन्न पर्वमा कतिपय चरा र जनावरलाई विशेष महत्व दिएर पूजा गरेर सम्मान दिने परम्परा रहेको छ। सोअनुरूप गाई, परेवा, काग, कुकुर, हाँस, बाघ, मुसोलगायतका जनावरको पूजा गरिन्छ भने जितिया पर्वमा चिल र स्यालको पूजा गर्नुपर्ने हुन्छ।

**यस्तो छ जितिया पर्व कथा**

कनकावती नगरको मध्यभाग स्थित नर्मदा नदीको डिलमा पाकरी (पाखैर) को रूखको फेदमा स्याल बस्थ्यो भने हाँगामा चिल। दुईवटैको बीचमा घनिष्ठ मित्रता थियो। एक दिन जितिया पर्व मनाउने महिलाले नर्मदा नदीमा स्नान गरी त्यही रूखको फेदमा बसेर जिमुतवाहन देवतालाई प्रसाद चढाएर कथावाचन गरेका थिए।

बर्तालु महिलाको कथा सुनेर चिल र स्याललाई पनि जितिया व्रत गर्ने इच्छा जागृत भयो। दुवैले सल्लाह गरी व्रतमा बस्ने निधो गरे। सोही राति नर्मदा नदीको डिलमा एक व्यापारीको छोराको दाहसंस्कार गरियो। मृतकका आफन्तले शवको अधिकांश भाग जलेपछि छोडेर घर फर्के। उनीहरू फर्केर गएको देखेर स्याललाई मृतकको मासु खाने इच्छा जाग्यो र साथी चिललाई थाहै नदिई मासु पनि खायो र केही लुकाएर पनि राखेको चिलले हेरिरहेको थियो।

अर्को जुनीमा दुवैको जन्म भास्कर नामक ब्राह्मणको घरमा भयो। पूर्वजन्ममा चिलको शिलावती र स्यालको कर्पुरावतीका रूपमा जन्म भयो। जेठी शिलावतीको विवाह धनवानको घरमा र कर्पुरावतीको राजाको घरमा। जेठी शिलावतीका सात छोरा भए तर महारानी भएकी कर्पुरावतीको छोरा जन्मियो तर मृत्यु भयो।

मृत्युपछि दुवैको सम्बन्ध चिसिँदै गएपछि जेठी शिलावतीले आफ्नी बहिनीलाई पूर्वको घटना स्मरण गराउँदै व्रत भङ्ग गरेको कारण यस जन्ममा तिम्रो सन्तानको मृत्यु भएको भनी जानकारी गराएको धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ। त्यसै कारणले यो व्रत जति कठोर भए पनि व्रतलाई कसैले खण्डित गर्न चाहँदैनन्।

थारू जनजातिका महिलाबीच पनि यो पर्व अति लोकप्रिय रहेको छ। थारू समुदायमा विवाहित महिलाले आफ्ना सन्तति र पतिको सुखशान्तिको कामना गर्दै निराहार बसी तीन दिनसम्म यो पर्व मनाउने गर्छन्। यस समुदायमा पर्वको पहिलो दिन पिना र पहेँलो माटो मुछेर घिरौंलाका पातमा घिरौंलाकै फूलबाट पूजा गरिन्छ र त्यही माटोबाट कपाल नुहाइन्छ। भोलिपल्ट बिहान कुलदेवता बस्ने घरको पिँढीमाथि चिल र पिँढीदेखि तल स्यालको पूजा गरिन्छ। पर्वको तेस्रो दिन बिहान घरको आँगनमा पूजा गरेर उपवास तोडिन्छ र जिमुतवाहनको कथा सुन्ने र नाचगान गरिन्छ।

कतिपय महिलाले यस पर्वमा पुर्खालाई समेत पूजा गर्ने गरेको पाइन्छ। यस पर्वमा आफ्ना कुलका मृत श्रेष्ठ महिलाको स्मरण गर्दै पुजन गरिन्छ। छोरा र छोरीमा भेदभाव गर्नुहुन्न भन्ने चेतना बढ्दै गएकाले यसलाई अचेल आफ्ना सन्तानको कल्याणका लागि मनाइने पर्व पनि भन्न थालिएको छ। ऐतिहासिक यस भूभागमा बसोबास गर्ने मुस्लिमबाहेकका महिलाको पर्वका रूपमा पनि यसले आफ्नो अस्तित्व हालसम्म कायम राखेको छ।

**दशैं आगमनको सङ्केत**

जितिया पर्वलाई दसैं आगमनको सङ्केतका रूपमा पनि लिइन्छ।

**जितिया, दशैं, दशमी, दशमी बीसे सुकराति, सुकराति छवे छठी।**

अर्थात् जितियाको दश दिनपछि दसैं, दसैंको बीस पछि दीपावली र दीपावलीको छ दिनपछि छठ पर्व हुने गर्दछ। यो व्रत खण्डित हुँदा सन्तानलाई अनिष्ट हुने जनविश्वास रहेकाले यस पर्वले सामाजिक, धार्मिक र सांस्कृतिक विविधतालाई पनि सामाजिक संरचनाकै अभिन्न पर्वका रूपमा बुझ्नु जरुरी छ।

जितिया पर्वको अवसरमा मधेसका महिलालाई केही वर्षदेखि नेपाल सरकारले बिदा दिएको छ भने मधेस प्रदेश सरकारले सार्वजनिक बिदा दिने गरेको छ।

# घरदैलो स्वास्थ्य सेवा कार्यक्रम हुने

टुडे समाचारदाता

जनकपुरधाम। स्वास्थ्य सेवालाई चुस्तदुरुस्त तथा प्रभावकारी बनाउन मधेश प्रदेश सरकारले मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रम संचालन गर्ने भएको छ।

चालु आर्थिक वर्ष २०७९/०८० मा गरिब, विपन्न, वृद्धवृद्धा, बालबालिका, महिला तथा सर्वसाधारण जनतालाई स्वास्थ्य सेवामा पहुँच बढाउन प्रदेश सरकारले उक्त कार्यक्रम गर्न लागेको हो।

शहरभन्दा ग्रामीण क्षेत्रका गरिब, विपन्न तथा पछाडि परेका वर्गको स्वास्थ्य सेवामा अझै पहुँच हुन नसकेको र समयमा स्वास्थ्य उपचारको अभावमा घरमै ज्यान गुमाउन बाध्य हुने गरेकोले प्रदेश सरकारले यस्तो कार्यक्रम संचालन गर्न लागेको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख डा.मुक्ति नारायण साहले जानकारी दिए। कार्यक्कमको पहिलो चरणमा प्रदेशका सबै गाउँपालिका र दोस्रो चरणमा नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा क्रमश विस्तार हुँदै जाने उनले बताए।

पहिलो चरणमा प्रदेशका ८ वटै जिल्लाका ५९ पालिकाका ३ सय ५९ वटा वडाहरुमा सो कार्यक्रम संचालन हुने उनले बताए। प्रदेशका १ सय ३६ वटै पालिकाको प्रत्येक वडामा मुख्यमन्त्री घरदैलो कार्यक्रम पुर्‍याउने लक्ष्य रहे पनि पहिलो चरणमा ५९ वटा पालिकामा मात्रै परीक्षणको रुपमा संचालन गरिने उनले जानकारी दिए। प्रदेश सरकारले चालु आर्थिक वर्षमा मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रमका लागि १५ करोड रकम विनियोजन गरेको छ।



कार्यक्रम अन्तर्गत प्रदेशभरिका ३ सय ५९ वटै वडामा एक/एक हेल्थ सहायक र स्टाफ नर्सलाई खटाईने छ। कार्यक्रम अन्तर्गत नियुक्त गरिएको हेल्थ सहायक र स्टाफ नर्सले खटाईएको वडाहरुका प्रत्येक घर-घरमा गई वृद्धवृद्धा, बालबालिका, महिलासहितको तौल, रक्तचाप, सुगर, पिसाब सहितको जाँच गरेर सोको तथ्यांक संकलन गरी सम्बन्धित निकायमा बुझाउने छ। स्वास्थ्य परीक्षण पश्चात कुनै व्यक्तिको स्वास्थ्यमा समस्या देखिएपछि उनहिरुलाई पुनः सम्पर्क गरी उपचारका लागि नजिकको स्वास्थ्य चौकी वा बिरामीको अवस्था अनुसार स्वास्थ्य संस्थाहरुमा उपचारको लागि प्रेरित गरिने तथा स्वास्थ्य उपचारका बारेमा जानकारी गराउने कार्य तोकिएको छ।

उक्त कार्यक्रममा छनौट गरिने स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य तालिम केन्द्रमा तालिम दिइ तोकिएर सम्बन्धित वडाहरुमा काम गर्नको लागि खटाइने छ।

सामाजिक विकास मन्त्रालय र प्रदेश स्वास्थ्य निर्देशालयको रेखदेखमा संचालन हुने सो कार्यक्रमको निर्देशिका बनेपनि आसन्न प्रदेश र प्रतिनिधिसभाको निर्वाचनको कारण ढिलो हुन पुगेको छ।

# शेयर मार्केट साक्षरता कार्यक्रम

टुडे समाचारदाता

वीरगञ्ज। स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुको लागि एकदिवसीय शेयर मार्केट साक्षरता कार्यक्रमको सम्पन्न भएको छ।

वीरगंज कलेज प्रा.लि.को सहयोगमा सामाजिक उत्थानका कार्यक्रमहरु गर्ने युवाहरुको संस्था टीम स्पेशल २६ को संयोजकत्व तथा मधेश प्रदेशकै उत्कृष्ट क्याम्पसहरुमा पर्ने तथा व्यवस्थान,कानून,पत्रकारिता र शिक्षा संकाय तर्फ अध्यापन गराउने क्याम्पसका स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुको लागि एकदिवसीय शेयर मार्केट साक्षरता कार्यक्रमको आयोजना गरिएको थियो कार्यक्रममा चार्टर्ड अकाउन्टेन्ट सुभाष खण्डेलवाल,वीरगञ्ज कलेजका निर्देशक तथा अर्थविद् डा.दीपेन्द्र कुमार चौधरी,वीरगञ्ज कलेज प्रा.लि.कै प्राध्यापक तथा टीम स्पेशल २६ का सल्लाहकार दिपेश कुमार कर्ण, मुख्य प्रशिक्षक तथा शेयर बजारको विशष जानकारी राख्ने अफरोज अहमदले नेपाली अर्थतन्त्रमा शेयरबजारको भूमिका तथा महत्वको बारेमा आ-आफ्ना मन्तव्य राखेका थिए।



स्नातक तह अधिकृत स्तरको तह हो। टीम स्पेशल २६ ले जीवन्त विषयवस्तु माथि जागरुकता बढाउने प्रयास गरकोले यो विषयको तालिमले स्नातकका विद्यार्थीहरुलाई थप उपलब्धिमूलक ज्ञान हासिल हुने दृष्टिकोण वक्ताहरुले राखेका थिए। "शेयर बजार राष्ट्रको अर्थतन्त्रको अनुहार हो। यो एक चक्र सरह कार्य गर्ने भएकोले यसमा सरकार,जनता र व्यावसायिक सङ्गठन अन्तरनिहित रहेको हुन्छ। शेयरकारोबार सुदृढ हुनु भनेको अर्थतन्त्रको स्वस्थतालाई दर्शाउने " जस्ता विचार प्रशिक्षक तथा प्राध्यापक अफरोज अहमदले तालिममा प्रस्तुत गरेका थिए।

# अपाङ्गमैत्री निर्वाचन प्रणालीको माग

टुडे समाचारदाता

कलैया। अपाङ्गता भएका व्यक्तिहरुको राजनीतिक अधिकार ,सहभागिता र अपाङ्गमैत्री निर्वाचन प्रणालीको लागि बाराको सिमरामा सरोकारवालाहरुसँग संवाद भएको छ। नेत्रहीन युवा संघ नेपाल बाराको आयोजना भएको संवादमा आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा राजनीतिक दल र निर्वान प्रणाली अपाङ्गमैत्री हुनुपर्ने कुरामा जोड दिइएको छ।

नेत्रहीन युवा संघ नेपालका केन्द्रीय उपाध्यक्ष शिव चापागाँईले अपाङ्गता भएको व्यक्तिहरुको मतदाता नामावलीमा व्यवस्थित तथ्याङ्क नराखिएको जसले गर्दा राष्ट्रिय समावेशी आयोगमा अपाङ्गताको सवाल ओझेलमा परिरहेको दुखेसो गरे।

समानुपातिक निर्वाचन प्रणालीको बन्द सूचीमा उम्मेदवारको नाम दलहरुले सूचीकृत गर्दा अनिवार्य अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व हुनुपर्ने ,मतदाता शिक्षा ,मतदान केन्द्रहरु र निर्वाचनमा उमेदवारी अपाङ्गमैत्री हुनुपर्ने माग बारा जिल्ला अपाङ्ग सेवा संघका अध्यक्ष गंगा वाग्लेले गरे।



बाराका निर्वाचान अधिकृत सरोज चौधरीले बारामा अपाङ्गमैत्री निर्वाचन सम्पन्न गर्नमा आफू प्रतिबद्ध रहेको बताए। स्थानीय तहको निर्वाचन सम्पन्न गर्दा भएको कमी कमजोरीलाई सच्याई अपाङ्गमैत्री निर्वाचन प्रणालीको विकास गर्न आफू गम्भीर रहेको बताए। विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुले आफ्नो पार्टीमा उचित स्थान दिइ अन्य व्यक्ति सरह व्यवहार गर्ने प्रतिबद्धता जाहेर गरेका थिए।

जीतपुर सिमरा उपमहानगरपालिकाको नगर उप प्रमुख भोला प्रसाद अधिकारीले राजनीतिक दलहरुले पहिलाको तुलनामा अपाङ्गता भएका व्यक्तिहरुलाई अहिले आफ्ना पार्टीमा महत्वपूर्ण स्थान दिन सुरु गरेको बताए।

पाटीमा अपाङ्ग भएका व्यक्तिहरुलाई दिइएको स्थानहरु अहिले पर्याप्त नभएको कारण त्यसका लागि सङ्घर्ष गर्नुपर्ने छ। ईलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक युवराज तिम्लिसिनाले भने प्रहरीले गरेको अनुसन्धान र दिने सुरक्षा अपाङ्गता मैत्री बनाएको जानकारी दिए।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : अवसर प्राप्त। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : पारिवाहिक सुख। |
| कन्या | : बौद्धिक क्षमता। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : नयाँ कार्य हुने। |
| धनु | : धन बृद्धि सञ्चय। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# चाड पर्व विशेष सुरक्षा योजना

चितवन । जिल्लामा चाड पर्व लक्षित सुरक्षा योजना लागू गरिएको छ । जिल्ला प्रहरी कार्यालय चितवनले चाडबाड र चुनाव लक्षित सुरक्षा योजना बनाएर कार्यान्वयनमा ल्याएको हो ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनाव एवं दसैं, तिहार लक्षित गरी सुरक्षा योजना बनाइएको कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो । अन्य समयमा पनि सुरक्षा कायममा कुनै कमी नभएको तर चाडबाडमा मानिसको आवतजावत र भीडभाड बढी हुने भएकाले थप सुरक्षा सतर्कता बढाइएको उहाँले जानकारी दिनुभयो ।

विगतका वर्षमा जस्तो यो वर्ष चाडपर्वको समयमा हुने अपराध नियन्त्रणले मात्रै नपुग्ने उहाँले बताउनुभयो । निर्वाचनको समय नजिकिँदै गएकाले निर्वाचनमा सो समयमा हुनसक्ने आपराधिक गतिविधिलाई समेत मध्यनजर गर्दै सुरक्षा योजना बनाइएको उहाँले जानकारी दिनुभयो ।




बढ्दो अपराधका प्रवृत्तिबारे हरेक गाउँटोलमा स्थानीय प्रहरीको सहकार्यमा सचेतनाको कार्यक्रम लैजाने तयारीमा कार्यालय रहेको छ । चितवनका मुख्य बजार क्षेत्र र आपराधिक हिसाबले जोखिम क्षेत्रमा प्रहरीले गस्तीलाई प्राथमिकता दिएको छ । राजनीतिकर्मीले पनि चाडबाडको अवसर पारेर चुनावी गतिविधि बढाउने भएकाले यसपटक चुनावसम्मका लागि योजना बनाइएको अधिकारीको भनाइ छ । चाडपर्वसँगै निर्वाचन लक्षित गतिविधिमा हुने घटना नियन्त्रणका लागि जिल्लामा छ सय प्रहरी परिचालन गर्न लागिएको छ ।

रात्रिकालीन सवारीमा आवश्यकताअनुसार सादा पोसाक र हतियारसहितका प्रहरी परिचालन गरिने उहाँले जानकारी दिनुभयो । चाडबाडको समयमा बैंक तथा वित्तीय क्षेत्र र भीडभाड हुने स्थानमा आर्थिक अपराध हुने गरेको भन्दै यस क्षेत्रमा सादा पोसाकमा प्रहरी खटाइएको छ । त्यस्तै, सुनचाँदी पसल केन्द्रित गरेर सुरक्षा प्रदान गरिएको छ । सादा पोसाकमा हुने प्रहरीले रेकी गर्ने र कुनै स्थानमा घटना भएमा तत्काल प्रहरी परिचालनका लागि क्युआरटी (क्विक रेस्पोन्स टिम) नै बनाएर काम गरिएको उहाँले बताउनुभयो ।

चितवन प्रहरीले चाडबाडको समयमा हुने सवारी दुर्घटनालाई न्यूनीकरण गर्न ट्राफिक प्रहरीको समन्वयमा मुख्य र भित्री सडकमा आवश्यक मात्रामा सुरक्षा जनशक्ति खटाइने, मादक पदार्थ सेवन, अत्यधिक यात्रु सवारलगायत कारणले चाडबाडको समयमा बढी दुर्घटना हुने गरेको भन्दै विशेष ध्यान दिइएको छ ।

चाडपर्वको समयमा यात्रुलाई पर्न सक्ने समस्यालाई मध्यनजर गर्दै जिल्लाका चार स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिने अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, “केन्द्रीय बस ट्र्मिनल, पुलचोक, पोखरा बसपार्क र मुग्लिनमा यात्रु सहायता कक्ष राख्ने तयारी गरिएको छ ।” यस पटक चाडपर्व सुरक्षा योजनामा थम जनशक्तिका लागि सशस्त्र प्रहरी र अन्य सुरक्षा निकायसँग समेत समन्वय गरिने उहाँले जानकारी दिनुभयो ।रासस

# बुटवल-गोरुसिङ्गे-चनौटा सडक स्तरोन्नति गरिने

काठमाण्डु । पूर्व-पश्चिम राजमार्गअन्तर्गत बुटवल-गोरुसिङ्गे-चनौटा सडक चार लेनमा स्तरोन्नति हुने भएको छ । विश्वबैंक तथा नेपाल सरकारको संयुक्त लगानीमा ६९ किलोमिटर लम्बाइको सडक आगामी वर्षबाट निर्माण अघि बढाइने सडक विभागले जनाएको छ ।

यो सडकको लागत रु ३२ अर्ब हुने अनुमान गरिएको छ । सडक एक सय किमी प्रतिघण्टाको गति सवारी साधन गुड्ने हुने र सडक सुरक्षा तथा वातावरणीय संरक्षणमा विशेष जोड दिइने विभागका महानिर्देशक अर्जुनजङ्ग थापाले बताउनुभयो ।

सात पुल निर्माण गरिने र त्यसमध्ये केही पुल आधुनिक प्रविधि र आकर्षक हुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “बुटवलमा तिनाउ नदीमा सिग्नेचर पुल निर्माण हुनेछ ।”

सडक निर्माणका लागि थप जग्गा अधिग्रहण गर्न नपर्ने भए पनि केही पसल र घरका भाग हटाउनुपर्ने हुनसक्ने महानिर्देशक थापाले बताउनुभयो । सडक स्तरोन्नतिका लागि हाल



विश्वबैंक र सरकारबीच आर्थिक सम्झौता हुने चरणमा रहेको छ । सो सडक सन् २०२३ नोभेम्वरमा सुरु भएर सन् २०२६ को नोभेम्वरमा सम्पन्न हुने अनुमान गरिएको छ ।

कूल ३०५ मिलियन (रु ३८ अर्ब) रकम रहेको ‘अक्सेलरेटिङ ट्रान्सपोर्ट एण्ड ट्रेड कनेक्टिभिटी इन साउथ एशिया-नेपाल फेज १’ अन्तर्गत अघि बढाउन लागिएको हो । यसमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र वन तथा भूसंरक्षण विभाग आबद्ध रहनेछन् । विश्वबैंकले विभिन्न राजमार्गको स्तरोन्नतिका लागि सरकारलाई ऋण सहयोग उपलब्ध गराउँदै आएको छ ।

सरकारले पूर्व-पश्चिम राजमार्गलाई एशियाली राजमार्गको स्तरोन्नति गरिरहेको छ । चार लेन सडक विस्तार गरी आधुनिक पुलसँगै ‘अण्डर पास’, ‘ओभर पास’ लगायतको निर्माण अघि बढाइएको छ । वन क्षेत्र हुँदै सडकपर्ने स्थानमा वन्यजन्तुमैत्री सडक निर्माण भइरहेको छ । विभिन्न खण्डमध्ये कतै सडक निर्माणाधीन र कतै निर्माणमा जाने चरणमा रहेका छन् ।रासस

# बजार अनुगमन गर्न समितिको निर्देशन

काठमाण्डु । राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिले अखाद्य वस्तुको मिसावट र कालोबजारी रोक्न सरकारका विभिन्न निकायलाई निर्देशन दिएको छ ।

‘बजार अनुगमन, मूल्यवृद्धि नियन्त्रण, उपभोक्ता हित संरक्षण तथा गुणस्तरीय वस्तुको सहज आपूर्तिका’ सम्बन्धमा सिंहदरबारमा शुक्रबार बसेको समितिको बैठकले चाडपर्व नजिकिँदै गर्दा अखाद्य वस्तुको मिसावट र कालोबजारी हुनेतर्फ सजग हुन सरकारलाई आग्रह गरेको छ ।

समितिका सभापति दिलकुमारी रावल थापा (पार्वती) ले बैठकमा अन्तरमन्त्रालय र तीन तहका सरकारको समन्वयमा बजार अनुगमन गरी अहिले भइरहेको मिसावट र कालोबजारी गर्नेलाई कारबाही गर्न सम्बन्धीत निकायलाई निर्देशन दिएको बताउनुभयो । उहाँले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र नेपाल गुणस्तर तथा नापतौल विभागलाई समितिमा बोलाएर खाद्यान्न वस्तुमा अखाद्य पदार्थ मिसाउन र कालोबाजारी गर्नेलाई कारबाही गर्न निर्देशन दिएको जानकारी दिनुभयो ।



उहाँले एकीकृत अनुगमन टोली बनाई बजार अनुगमन गर्नुपर्नेसमेत बताउनुभयो । “चाडपर्वको समयमा सर्वसाधारणलाई झुक्काउन अखाद्य वस्तु मिसावट र धेरै मूल्यमा वस्तु बिक्री गर्ने गरेका हुन्छन”, उहाँले भन्नुभयो, “अनुगमन गरी बजारलाई नियन्त्रण गर्नुपर्दछ ।” समितिका सदस्य खिमलाल भट्टराईले खाद्य वस्तुमा कृतिम अभाव खडा गर्ने भएकाले सचेत हुनुपर्ने बताउनुभयो । उहाँले चिनी, खसी, बोका, भेडा, च्याङ्ग्राको सहज उपलब्धता हुनुपर्ने भन्दै होटेल रेन्टुराँको पनि नियमित अनुगमन गर्नुपर्ने खाँचो औँल्याउनुभयो ।

समिति अर्का सदस्य इन्दिरा गौतमले अखाद्य बस्तु बेच्नेलाई हदैसम्मको कारबाही गर्नुपर्छ भन्नुभयो । उहाँले नेपालमा उत्पादन भएका केरा, स्याउलाई प्राथमिकतामा राख्नुपर्ने भनाइ राख्नुभयो । अर्का सदस्य जयन्ती राईले बजारमा अखाद्य वस्तु बेच्ने गरेको पाइएको जनाउँदै अनुगमन हुन नसकेको गुनासो गर्नुभयो । “व्यापारीले मनपरि वस्तुको मूल्य लिएका छन् । सरकारले अनुगमन गर्न सकेको छैन”, उहाँले भन्नुभयो, “अहिले दैनिक र अरु बेला साप्ताहिकरुपमा अनुगमन गर्नुपर्दछ ।”

समिति सदस्य रामचन्द्र रायले सरकारले ल्याएको नीति, नियम कार्यान्वयन नगरेको हुनाले बजारमा विचौलिया बढेको बताउनुभयो । उहाँले सुपथ मूल्यका पसल सञ्चालन गर्नुभन्द मूल्य नियन्त्रणमा ध्यान दिनुपर्ने भनाइ राख्नुभयो । उहाँले वस्तुको मूल्य तोक्दा नै चलखेल हुने गरेको बताउनुभयो ।

समिति सदस्य इन्दु कँडेलले बजार अनुगमन नहुँदा व्यापारीको मनोमानी बढेको बताउनुभयो । उहाँले सुपथ मूल्यका पसलमा धनी वर्गको मात्र पहुँच बढेको भन्दै नेपाल भारत सीमा क्षेत्रमा अखाद्य वस्तु बढी मिसावट हुने गरेको बताउनुभयो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा तोयनारायण ज्ञवालीले मन्त्रालयको क्षमताअनुसार बजार अनुगमनलाई प्रभावकारी बनाइने जानकारी दिनुभयो । उहाँले वैशाखयता एक हजार चार सय व्यापारी फर्ममा अनुगमन गर्दा रु ८३ लाख ११ हजार राजस्व सङ्कलन गरिएको बताउनुभयो ।

उपभोक्त संरक्षण विभागका महानिर्देशक महेश भट्टराईले अगामी असोज २ गतेबाट १० सयुक्त अनुगमन टोलीले बजार अनुगमन गर्ने जानकारी दिनुभयो ।

उहाँले अखाद्य वस्तुको मिसावट र कालोबजारीबारे सर्वसाधारणलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने बताउनुभयो ।

उहाँका अनुसार यही भदौ ३० गते पाँच सय ५६ व्यापारी फर्ममा अनुगमन गर्दा एक सय सात व्यापारी फर्मबाट अखाद्य वस्तु र म्याद गुज्रेका सामान बरामद गरी २१ लाख जरिवाना गरिएको थियो ।

नापतौल विभागका महानिर्देशक दिनानाथ मिश्रले नापतौलका सामग्रीको नियमित अनुगमन गरिरहेको जानकारी दिनुभयो ।रासस

# चार सय ५० बढीले लिए आरोहण अनुमति

काठमाण्डु । यस वर्षको शरद ऋतु (अटम सिजन) को हिमाल आरोहणका लागि ४८ आरोही समूहका चार सय ५० भन्दा बढी आरोहीले आरोहण अनुमति लिएका छन् । पर्यटन विभागका अनुसार यो सिजनमा सगरमाथा (८,८४८.८६ मिटर), मनास्लु (८,१६३ मिटर) लगायत हिमाल तथा चुली आरोहणका लागि धमाधम आरोही आइरहेका छन् । यो अवधिमा सबैभन्दा बढी मनास्लु आरोहणका लागि ३७ आरोही समूहका तीन सय ९४ आरोहीले आरोहण अनुमति लिएका छन् ।

विभागको पर्वतारोहण शाखाको विवरणमा सगरमाथा आरोहणका लागि एक समूहका पाँच आरोहीले अनुमति पाएका छन् । यस्तै, धौलागिरि (८, १६७ मिटर) आरोहणका लागि चार आरोही समूहका ३४, हिम्लुङ हिमालका (७,१२६ मिटर) मा दुई समूहका सात, नुप्से (७,८५५)आरोहणका लागि एक समूहका पाँच र सरिबुङ (६,३४६ मिटर) आरोहणका लागि मात्र एक आरोहीले अनुमति लिएका छन् ।

यो सिजनमा हिमाल आरोहणबाट हालसम्म पाँच करोड ३२ लाख २७ हजार ५९२ हजार रोयल्टी जम्मा भएको छ । हिमाल आरोहणका लागि हालसम्म ६० मुलुकका एक सय १० महिला र तीन सय ४४ पुरुष गरी



कूल चार सय ५४ आरोही नेपाल आएका छन् । अघिल्ला वर्षमा झै यो वर्ष पनि मनास्लु आरोहणमा आरोहीको आकर्षण देखिएको छ । विश्वको आठौं अग्लो र नेपालको सातौं अग्लो मनास्लु हिमाल आरोहणका लागि सर्वाधिक सङ्ख्यामा आरोही आएका छन् । शरद ऋतु मनास्लु आरोहणका लागि उपयुक्त मौसम मानिने भएकाले सर्वाधिक आरोहीको रोजाइमा पर्छ । शरद ऋतु मनास्लु आरोहणका लागि उपयुक्त मौसम भएकाले पनि प्रत्येक वर्ष यो सिजनमा आरोहण गर्न उल्लेख्य सङ्ख्यामा आरोही आउने गरेको नेपाल पर्वतारोहण सङ्घले जनाएको छ ।

सन् १९५६ मे ९ तारिखमा जापानी नागरिक तोसियो इमनिसी र नेपाली ग्याल्जेन नोर्बु शेर्पाले आठ हजार १६३ मिटर अग्लो मनास्लुको सफल आरोहण गर्नुभएको थियो । सेभेन सम्मिट ट्रेक्स प्रालिका प्रबन्ध निर्देशक मिङ्मा शेर्पाले यो सिजनमा मनास्लु आरोहणका लागि धमाधम आरोही आइरहेको बताउनुभयो । आरोहणको उपयुक्त मौसम मानिएकाले हरेक वर्ष मनास्लु आरोहणमा सर्वाधिक आरोही आउने गरेको प्रबन्ध निर्देशक शेर्पाको भनाइ छ ।रासस

# पोखरामा बृहत आर्ट क्याम्प




काठमाण्डु । नेपालसहित विभिन्न चार देशका कलाकारको सहभागितामा पोखरा र आसपासका क्षेत्रमा शनिबारदेखि बृहत् आर्ट क्याम्प हुन लागेको छ ।

गण्डकी प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा आगामी असोज १ देखि ४ गतेसम्म हुने ‘पोखरा आर्ट क्याम्प’मा नेपालसहित भारत, बङ्गलादेश र इरानका एक सय १८ कलाकारको सहभागिता रहने आयोजक अन्तर्राष्ट्रिय जलरङ समाज (आइडब्लुएस) नेपालले जनाएको छ ।

नेपालका ९० सहित भारतका आठ, बङ्गलादेशका १७ र इरानका छ जना कलाकारको सहभागिता रहने कार्यक्रमको सबै तयारी पूरा भएको छ । आर्ट क्याम्पअन्तर्गत असोज १ गते भारत, बङ्गलादेश र नेपाललका १२ जना प्रसिद्ध कलाकारले प्रत्यक्ष कला ‘डेमोष्ट्रेसन’मा सहभागी हुनेछन् । दोस्रो दिन घाचोकका दृश्य क्यान्भासमा उतार्ने गरी कार्यशाला सञ्चालन हुनेछ भने तेस्रो दिन विश्वशान्ति स्तुपामा कला कार्यशाला तथा प्रदर्शनी गरिनेछ ।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ सङ्क्रमणका कारण ललितकलाका गतिविधि भर्चुअलमा सीमित भइरहेको सन्दर्भमा सङ्क्रमण न्यून भएसँगै उक्त कार्यक्रम भौतिक उपस्थिति गर्न लागिएको हो । अब भने विस्तारै कला पर्यटन प्रवर्द्धन गर्दै कलामार्फत नेपालको पहिचान विश्वव्यापी पुऱ्याउने प्रयास थालिएको कार्यक्रम संयोजक आइडब्लुएस नेपालका अध्यक्ष एनबी गुरुङले जानकारी दिनुभयो । रासस

# शिक्षा कर र वैकल्पिक स्रोतको खोजी

काठमाण्डु । शिक्षालाई गुणस्तरीय र समतामूलक बनाउन प्रदेश र स्थानीय तहले शिक्षा करको प्रबन्ध र वैकल्पिक स्रोतको खोजी गरी लगानी बढाउन सुझाव दिइएको छ । विद्यमान राष्ट्रिय बजेटमा शिक्षाको हिस्सा बढाएर खर्च गर्ने अधिकार बढीभन्दा बढी स्थानीय तहलाई नै दिन पनि विज्ञहरूले सुझाव दिएका छन् । शिक्षालाई व्यापारिक वस्तु नभई सार्वजनिक वस्तु (पब्लिक गुड्स)का रूपमा लिएर व्यक्तिको नैसर्गिक र सक्षमताको अधिकारका रूपमा शिक्षा अधिकार स्थापित गर्न जीवनपर्यन्त सिकाइका लागि स्रोतको वैकल्पिक खोजी गरी सरकारी लगानी बढाउनुपर्ने एक अध्ययनको निष्कर्ष रहेको छ ।

शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ) नेपालले गरेको ‘शिक्षामा लगानी अपुग र दिगो विकास लक्ष्यको शैक्षिक लक्ष्य’ विषयक अध्ययनले विद्यालय तहको कार्यक्षेत्र स्थानीय तहको भए पनि कुल शिक्षा बजेटको ६४ प्रतिशतमात्रै सो तहमा विनियोजन हुनु अपुग भएको देखाएको छ ।

उक्त अध्ययनको निचोड प्रस्तुत गर्दै शिक्षाविद् डा विनयकुमार कुसियतले दिगो विकासको लक्ष्य नं ४ र नेपालको संविधानको मौलिक हकमा उल्लेखित व्यवस्थाअनुसार विद्यालय तहमा निःशुल्क र गुणस्तरीय शिक्षा कायम गर्न विद्यालयमा दिइएको विद्यमान बजेटको साढे दुई गुणा बजेट बढाउनुपर्ने बताउनुभयो । उहाँले शिक्षामा वैदेशिक अनुदानभन्दा



ऋण बढ्दो भएको र सार्वजनिक लगानी भन्दा निजी (व्यक्तिगत) लगानी बढी रहनुले सरकारको निःशुल्क र अनिवार्य शिक्षाको प्रतिबद्धतामा प्रश्न उठ्ने टिप्पणी गर्नुभयो ।

शिक्षामा चालु आर्थिक वर्षमा रु एक खर्ब ९६ अर्ब बजेट (करिब १० प्रतिशत) बजेट विनियोजन गरिएको छ । अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार शिक्षामा कुल बजेटको २० प्रतिशत वा कुल गार्हस्थ उत्पादनको छ प्रतिशत लगानी गर्नुपर्ने मान्यता भए पनि नेपालमा प्रतिशतका आधारमा बजेट वृद्धि हुनसकेको छैन । यद्यपि अन्य मन्त्रालयहरूको तुलनामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको बजेट सबैभन्दा धेरै रहेको छ ।

उहाँले प्रदेश र स्थानीय तहले शिक्षा कर लागू, अन्य आन्तरिक स्रोतको खोजी र निजी क्षेत्रसँगको साझेदारीबाट शिक्षामा लगानी गर्न सुझाव दिनुभयो । विद्यालयमा न्यूनतम सक्षमता आधारका प्रबन्ध भएमा मात्रै समतामूलक गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइमा पहुँच बढाउन सकिने अध्ययनको सार रहेको छ । भएको बजेट पूरै खर्च नहुनु, सुशासन कायम नहुनु र लक्षित वर्गसमक्ष पुग्न नसक्नु शिक्षा प्रणालीको अर्को समस्या मानिन्छ ।

डा कुसियतले कोभिड-१९ बाट प्रभावित विद्यार्थीका लागि अनलाइन कक्षालगायतका लागि लगानी बढाउन र पूर्वाधारका साथै शैक्षिक क्रियाकलापमा पनि लगानी र अनुगमन गर्न आग्रह गर्नुभयो । एनसिई नेपालका अध्यक्ष डिल्लीराम सुवेदीले निरन्तरको अभियान र सरकारी पक्षको इमान्दारिता रहेमा निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको संविधानको मर्मलाई कार्यान्वयन गर्न सकिने बताउनुभयो ।

हाल नेपालमा ३५ हजार छ सय ७४ विद्यालय रहेकामा २७ हजार आठ सय १२ सामुदायिक, छ हजार सात सय ३२ निजी (संस्थागत), एक हजार एक सय ३० परम्परागत विद्यालय रहेका छन् । यस्तै दुई हजार एक सय ५१ सामुदायिक सिकाइ केन्द्र, एक सय २१ खुला विद्यालय, औपचारिक प्रौढ विद्यालय एक सय ७१ रहेका छन् । रासस

# वार्षिकोत्सवमा निःशुल्क शिविर

**टुडे समाचारदाता**

जनकपुरधाम । जनपुरधाममा एक स्वास्थ्य क्लिनिकले वार्षिकोत्सवको अवसरमा निःशुल्क दन्त शिविर र रक्तदान गरी मनाएको छ । जनकपुरधाम उपमहानगरपालिका- ७ का तराई डेन्टल क्लिनिकले प्रथम वार्षिकोत्सवकोअवसरमाशुक्रबार रक्तदान कार्यक्रम तथा निःशुल्क दन्त शिविर संचालन गरेका थिए ।

तराई डेन्टल क्लिनिकका संस्थापक दन्त चिकित्सक मिशा महासेठको अध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर ७ का वडाध्यक्ष निरज कुमार साहको प्रमुख अतिथि रहेका थिए । ब्लड फर नेपालको समन्वयमा भएको कार्यक्रममा दुई दर्जन भन्दा बढी व्यक्तिले रक्तदान गरेका थिए ।

निःशुल्क दन्त शिवीरबाट पनि धेरै जनाले लाभ लिएका छन् । क्लिनिकले एक वर्षमा करिव दुई हजार बिरामीको उपचार गरी सेवा दिएको जनाएको छ ।

एक बर्ष भित्र तराइ डेन्टल क्लिनिकले धनुषा महोत्तरीको विभिन्न ठाउँमा २४ वटा निःशुल्क दन्त शिविर संचालन गरी सर्वसाधारणलाई निशुल्क दन्त सेवा प्रदान गरेको छ ।

# सात मिटरब्याजी विरुद्ध जिल्ला प्रहरीमा मुद्दा दर्ता

चितवन । जिल्ला प्रशासन कार्यालयले सात मिटरब्याजीविरुद्ध मुद्दा दर्ता गरेको छ । आन्तरिक छलफलका क्रममा सहमति नजुटेपछि जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ताका लागि फाइल पठाइएको छ । दुईपक्षीय सहमति हुन नसकेपछि ती मुद्दालाई प्रहरी कार्यालय पठाइएको प्रशासन कार्यालयका सूचना अधिकारी आनन्दवंश न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार परेका निवेदनमध्ये अहिले अन्य पाँचवटा मद्दा छलफलमा छन् । ती उजुरीमा पक्ष र विपक्षीको बयान लिने काम जारी छ भने अन्य उजुरीको विषयमा सम्बन्धित व्यक्तिलाई बोलाउने क्रममा रहेको उहाँले बताउनुभयो ।



जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नवराज अधिकारीले जिल्ला प्रशासनबाट आएका फाइलको कानुनी प्रक्रिया सुरु गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, “अनुसन्धान सुरु गरिएको छ । कुन कानुन आकर्षण हुन्छ । सरकारी वकिलसँगको परामर्शमा छौं ।” जिल्ला प्रशासन कार्यालयमा मिटरब्याजीका विरुद्धमा २२ वटा उजुरी परेको छ ।रासस

जनकपुर टुडे
२०७९ साल आश्विन १ गते शनिबार (17 September, Saturday, 2022)

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## मुक्तक

मन दुख छ बोल्न मन लाग्दैन
कसैको भेद खोल्न मन लाग्दैन
जिन्दगी हो उताब चढ़ब आई रहन्छ
तर कसै संग मित्रता तोरन मन लाग्दैन



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**

## गजल

फेर' स दलाल अबैए छह चुनावी नारा ल' कए
भ्रष्टाचारी, बिचौलिया फटहा जनमरा ल'कए
सावधान जन्ता जुनि फसिह ललाई,फकाईमे
वहे गाछि, सुरुज, हँसुवा,हथौड़ा,तारा ल'कए
अछि कहादन नव घोषणापत्र नव, नव भिजन
देशक विकास करतै चोर,फटहा हत्यारा ल'कए
गाम,गाम'स करब अछि बहिष्कार अहीबेर भाए
अगाडि बढबक अछि सोझा जन्ता सर्वहारा ल'कए
पैरकल छह इ देश बेचुवा सदियो'स मिथिलामे
पतासाफ करबक अछि युवाक सहारा ल'कए



**उदगार यादब**
**सिरसयाउट**

## वो पल...

जाई छे त चैईल जो...
बस एक बार मुइरक देखले
ई दिवान तोरा धड्कन स भिजादा चाहै ह
तू अपना दिल प हात राइख क पुईछले.....२
मजबूर छि हम ई समाज स
बेकसुर छी अखनो हम
जुदा भेलो प हम अखनो
अहाके धड्कनमे बसउने छी हम....२
किया तु जखम प नमक लगाबै छे
पेएर स पात जुडा भगेल
जाई के छलौ हमरा स दूर
याद किया करै छे ए पगलाके....२



**बिरेन्द्र कु. मण्डल उर्फ विवस**
**भतही इनर्वा ०८**
**मा. वि. झटियाही**

## साचो प्रेम

साचो प्रेम पैसामा बिक्छ कहिल्यै नसोच्नु ! ..
झुटो माया जीवन्त टिक्छ कहिल्यै नसोच्नु !
जिन्दगीमा हजार चोट भोगेको त्यो मान्छे'
क्षण भरमै हास्न सिक्छ कहिल्यै नसोच्नु !
झुटो मायाको नाटक रच्दै हिड्ने त्यो मान्छे
मेरो लागी मुटु नै झिक्छ कहिल्यै नसोच्नु!



**नाम : मोः असराफुल खान**
**घर : महेन्द्रनगर ( ७ ) धनुषा नेपाल**
**हाल : कतार**

## नागरिकताको युद्ध

हामी लाई किन नागरिकता पाउन बाट दुर गर्दै छ सरकार
आखिर किन हतियार उठाउन हामी लाई मजबुर गर्दै छ सरकार


नागरिकता बिदेयक यदि प्रमाणिकरण गर्नु भएन भने
विरोध होइन अब बिद्रोह गर्न हामी हुन्छौ तयार

आखिर किन राष्ट्रप्रमुख यति कुरुर बन्दै छ
हामी लाई बाध्य बनाउदैछ उठाउन हतियार

जे हुन्छ ,हुन्छ देखा जाला , ए राष्ट्रपति हो
सडक देखि सदन सम्म मचाइ दिन्छौ हाहाकार

हाम्रो जिन्दगी सँग खेलवाड गर्न पाइदैन
अब हामी बाध्य हुन्छौ चलाउन बन्दुक र तरबार

नागरिकता बिना तेसै जिन्दगी बर्बाद भएकै छ
खरानी बनाइ दिन्छु जलाएर संसद समेत सिंहदरबार



**लेखक-मुरली प्रसाद यादव**
**कल्याणपुर न.पा-४ सिरहा**

## ।। जय विश्वकर्मा ।।

लोहा मे छि आहाँ
औजारो मे छि आहाँ

पृथ्वीलोक के रंगरुप मे छि आहाँ
मिस्त्री यो सब पुजैय आहाँ के

इन्जिनियर सेहो अध्ययन करैय आहाँ के
सरस्वती माता के ग्यान

विश्वकर्मा निर्माण मे छि आहाँ
सुइ से जेट विमान निर्माण मे छि आहाँ

चित्रण करैछै कागजमे निमार्ण होएछै ढाँचामे
मनुष्यके कणकण मे छि आहाँ

दाढिवाला बाबा छि आहाँ
पृथ्वीलोकमे सभहक प्रेरणादायी वरदान छि आहाँ

मिस्त्रीयो के छै पहिचान
इन्जिनियरो के छै ग्यान

जय विश्वकर्मा
जय दाढिवाला बाबा कि जय हो



**प्रमोद राम**
**जनकपुर ९**

# मीन भामको 'चिसो वर्ष' मा सोनमको सम्भावना बलियो

काठमाण्डु । ५ वर्ष अगाडि प्रदर्शनमा आएको फिल्म ' कालोपोथी'पछि निर्देशक मीन भामसँग काम गर्न प्रायः हरेक चलेका नेपाली कलाकारले सपना पालेका छन् । तर, भाम फरक शैलीको फिल्म बनाउने भएकाले उनी कलाकारको लोकप्रियताभन्दा माथि उठेर पात्र चयन गर्छन् । ' कालोपोथी'पछि नयाँ फिल्म 'चिसो वर्ष' बनाउनका लागि उनले प्रि-प्रडक्सनमै ५ वर्षभन्दा बढी समय विताइसकेका छन् ।

अब उनी आगामी पुष-माघबाट 'चिसो वर्ष'को छायांकन सुरु गर्ने तयारीमा छन् । यतिबेला उनी फिल्मका लागि कलाकार छनोटको प्रक्रियामा छन् । उनले दुई वर्ष अघि फिल्मका लागि अडिसन आह्वान गरेका थिए । जसमा तिब्बतीयन नागरिक तथा गायक सोनम तोप्देनले अडिसन दिएका थिए । सोनम उनै हुन्, जसले फिल्म 'सम्हालिन्छ कहिले मन'बाट अभिनेताको रुपमा डेब्यू गरेका छन् ।

पहिलो चरणको अडिसनमा सोनम पहिलो नम्बरमा छनोट भए । फाइनल अडिसन भने कोरोनाका कारण रोकिएको थियो । अब केही हप्तामा निर्देशक भाम फाइनल चरणको अडिसन लिने तयारीमा छन् । भामका अनुसार, फाइनल चरणको अडिसनका लागि सोनमसहित दुईजना छानिएका छन् । तर, पहिलो नम्बरमा सोनम रहेकाले फिल्ममा उनकै सम्भावना बढी रहेको भाम बताउँछन् ।



'सम्हालिन्छ कहिले मन'बाट सोनमले अभिनयमा गजबको वाहवाही बटुलेका छन् । उनको लोकप्रियता पनि चुलिएको छ । 'चिसो वर्ष'मा उनी छनोट भए सोनमले अभिनयमा आफूलाई थप निखार्ने मौका पाउनेछन् । किनकि, मीनले उनलाई औसत अभियनको भरमा छुट दिने छैनन् । जुन सोनमका लागि एउटा पाठशाला बन्न सक्नेछ । सोनम पनि फिल्ममा आफू चयन हुनेमा विश्वस्त छन् ।

'चिसो वर्ष'ले निर्माण अगावै ताइपेइ फिल्म कमिसन, टीआरटी १२ पुन्टो स्क्रिप्ट ल्याब, सिनेफन्डेसन रेसिडेन्स, बुसान फेस्टिभलबाट करोडौंको फन्ड जितिसकेको छ । फिल्मले एक तिब्बती महिलाले श्रीमान खोज्न गर्ने संघर्षको कथा भन्छ । उनी गर्भवती हुन्छिन् । श्रीमान् हराएपछि उनी बौद्ध भिक्षु कर्माको साथमा पतिको खोजिमा निस्किन्छिन् र यात्राकै क्रममा उनीहरुको जीवन बदलिन्छ ।

# विदेशमा 'बाबरी'को माग बढ्दो, दक्षिण कोरिया राइट्स विक्री

काठमाण्डु । पछिल्लो समय नेपाली फिल्मले लगानी उठाउन घरेलू बजारको मात्र भर गर्नुपर्ने अवस्था छैन । डिजिटल र ओभरसिज राइट्सबाट पनि निर्माताले ठूलो रकम हात पार्ने गरेका छन् । केही वर्षयता विदेशमा नेपाली फिल्म प्रदर्शन हुने क्रम ह्वात्तै बढेको छ । जसले गर्दा विदेशमा बस्ने नेपालीले लगातार आफ्नो देशको फिल्म हेर्न पाइरहेका छन् भने निर्माताहरुले राहतको सास फेर्न पाएका छन् ।

कोरोना महामारीले थलिएको नेपाली फिल्मको ओभरसिज मार्केट फिल्म 'कबड्डी ४'ले लयमा फर्कायो । त्यसयता धैरै नेपाली फिल्म महंगोमा विभिन्न देशमा विक्री भइसकेका छन् । यस्तैमा, आगामी असोज १४ गतेबाट प्रदर्शनमा आउन लागेको प्रतिक्षीत फिल्म ' बाबरी'को पनि विदेशी भूमिमा माग बढ्न थालेको छ । र, निर्माताले धमाधम एकपछि अर्को देशको राइट्स 'सेल' गरिरहेका छन् ।

अष्ट्रेलिया र हङकङपछि फिल्मको दक्षिण कोरिया (सियोल) राइट्स पनि विक्री भएको छ । केटिएम टू सियोल नामक कम्पनीका सिइओ यूविन श्रेष्ठले फिल्मको दक्षिण कोरियाको राइट्स खरिद गरेका हुन् । नेपालकै मितिमा दक्षिण कोरियामा पनि 'बाबरी'लाई प्रदर्शन गर्ने तयारी गरिएको छ । निर्मात्री पुष्पालता बुढाथोकीले अन्य देशका लागि पनि कुराकानी चलिरहेको जानकारी दिइन् ।




सुरेन्द्र पौडेलको निर्देशनमा तयार भएको फिल्ममा धिरज मगर, धिरज नाडकर, अदिती बुढाथोकी, बादल भट्ट, कमणमणी नेपाल, उर्मिला बस्नेत, ध्रुव कोइराला, सुनिता श्रेष्ठ, नितेश गुरुङ, त्रिशला तामाङ, दीलिप गुरुङलगायतको अभिनय छ । गणेश बुढाथोकी र पुष्पालता बुढाथोकी निर्माता रहेको फिल्मको सह-निर्मातामा सुष्मा गुरुङ छिन् । 'बाबरी' त्रिकोणात्मक प्रेमकथामा आधारित छ ।

# 'प्रेमगीत ३' को हिन्दी डब विवाद : प्रदर्शक र वितरकको साथ

काठमाण्डु । सम्भवतः नेपाली फिल्मको इतिहासमा सर्वाधिक कमाई गर्ने फिल्मको रेकर्ड 'प्रेमगीत ३'ले बनाउन सक्नेछ । निर्माणको समयदेखि जुन खालको हाइप फिल्मले बनाएको छ, त्यसको सिधा प्रभाव बक्सअफिसमा पर्नेमा दुईमत छैन । हिन्दीमा डब भएर भारतमा पनि प्रदर्शन हुन लागेकाले फिल्म कस्तो बनेको होला भन्ने कौहुलताले नै केही दिन नेपालका हलमा दर्शकको मेला लाग्ने देखिन्छ ।

बडा दशैंको अवसर पारेर असोज ७ गतेबाट नेपाल र भारतमा एकसाथ फिल्म प्रदर्शन हुँदैछ । फिल्मको हिन्दी गीतदेखि ट्रेलरसम्म सार्वजनिक भएयता नेपालमा 'प्रेमगीत ३'को हिन्दी भर्सनको पखाई ठूलो छ । त्यसैले असोज ७ मै नेपालमा फिल्मको नेपाली र हिन्दी भर्सन एकसाथ प्रदर्शन गर्ने तयारीमा निर्माण टिम छ । तर, यतिबेला फिल्मको हिन्दी डबलाई लिएर विवाद उब्जिएको छ ।



फिल्मको निर्माण कम्पनी आसुसेन फिल्मस्ले चलचित्र विकास बोर्डमा बुधवार एक निवेदन बुझाउँदै ' प्रेमगीत ३'को हिन्दी डबलाई नेपाली फिल्म सरह सुविधा मागेको छ । विदेशी भाषाका फिल्म नेपाल ल्याउँदा चलचित्र विकास बोर्डलाई आम्दानीको १५ प्रतिशत विकास शुल्क तिर्नुपर्छ । 'प्रेमगीत ३' हिन्दीमा डबिङ भएकाले यसलाई नेपाल ल्याउँदा १५ प्रतिशत विकास शुल्क तिर्नुपर्ने हुन्छ ।

यही छुटका लागि वितरकको आग्रहमा 'प्रेमगीत ३'का निर्माताले बोर्डसँग हिन्दी डबलाई नेपाली फिल्म सरह सुविधा मागेका हुन् । फिल्मका निर्माताले निवेदन बुझाएपछि बिहीवार बोर्डले विभिन्न फिल्म सम्बद्ध संघ-संस्थासँग राय लियो । जसमा निर्माता संघका अध्यक्ष नवल खड्काले हिन्दी भाषामा डब भएको फिल्मले नेपाली फिल्मकै सरह सुविधा माग्नु राष्ट्रघाती र देशद्रोही रहेको बताए ।

अध्यक्ष खड्काको यो अभिव्यक्ति आलोचित बनेको छ । विशेषगरी प्रदर्शक र वितरकले उनको बोलीको विरोध गरेका छन् । हुन पनि अध्यक्ष खड्काले बोलेको राष्ट्रघाती र देशद्रोही शब्द अपाच्य नै छ । नेपालमा दर्ता भएको कम्पनीले निर्माण गरेको फिल्मको हिन्दी डबलाई नेपाली फिल्म सरह सुविधा माग्नु आकाश खस्ने कुरा होइन । यसलाई राष्ट्रघाती र देशद्रोही भन्नु गम्भीर गल्ती हो ।

'प्रेमगीत ३'को हिन्दी डबलाई नेपाली फिल्म सरह सुविधा दिने वा नदिने भन्ने विषयमा चलचित्र विकास बोर्ड विभिन्न संघ-संस्था तथा व्यक्तिहरुसँग छलफलमा रहँदा फिल्म क्षेत्र भने दुई कित्तामा बाँडिएको छ । कसैले हिन्दी डबलाई हिन्दी भाषाकै हैसियतमा १५ प्रतिशत विकास शुल्कसहित प्रदर्शन गर्न दिनुपर्ने धारणा राखेका छन् भने प्रदर्शक र वितरकहरु यसको विपक्षमा उभिएका छन् ।

नेपाल चलचित्र संघका पूर्व अध्यक्ष तथा प्रदर्शक प्रदीप कुमार उदयले एउटा नेपाली फिल्मकर्मीले आफ्नो फिल्मको माध्यमबाट विश्वमा नेपाली फिल्मलाई चिनाउन गरेको प्रयासमा सहयोग गर्नुको सट्टा देशद्रोहको मुद्दा लगाउनु पर्ने अभिव्यक्ति दिनु बिडम्वना रहेको फेसबुकमा बताएका छन् । 'प्रेमगीत ३'को यो प्रयास पहिलो भएकाले सके सम्मान गर्न नसके मौन बस्न उनको आग्रह छ । त्यस्तै, निर्माता, प्रदर्शक तथा वितरक छविराज ओझाले निर्माता संघका अध्यक्ष नवल खड्काको अभिव्यक्तिप्रति लक्षित गर्दै नेपाली फिल्म जुनसुकै भाषामा डबिङ भए पनि यसमा सम्पूर्ण फिल्मकर्मी र देशबासीले गर्व गर्नुपर्ने फेसबुकमा उल्लेख गरेका छन् । उनी लेख्छन्, 'मैले २३ वटा फिल्म बनाउँदा यो काम गर्न सकिनँ । निर्माता सन्तोष सेनलाई यो गौरवमय काम गर्नु भएकोमा धन्यवाद ।'

अर्का प्रदर्शक कविल द्वारले फेसबुकमा स्टाटस लेख्दै 'प्रेमगीत ३' नेपाली फिल्म हो कि होइन ? भनेर प्रश्न गरेका छन् । 'अशुसेन फिल्म्स् नेपालमा दर्ता भएको नेपाली फिल्म निर्माण कम्पनी हो कि होइन ? नेपाली फिल्म विभिन्न भाषामा रेकर्डिङ गरी प्रदर्शनी हुनु राम्रो कि राम्रो ?' उनले लेखेका छन् । अन्य प्रदर्शक तथा वितरकले पनि 'प्रेमगीत ३'को हिन्दी डबप्रति समर्थन जनाएका छन् ।

प्रदर्शक र वितरकहरु 'प्रेमगीत ३'को हिन्दी डबलाई नेपाली फिल्म सरह प्रदर्शन अनुमति दिनुपर्ने पक्षमा उभिएपछि बोर्डलाई थप दबाब सिर्जना भएको छ । तर, फिल्मले हिन्दी भाषामा डब गर्नका लागि अनुमति नलिएकाले 'प्रेमगीत ३'को हिन्दी डबलाई नेपाली फिल्म सरह सुविधा प्रदान गर्न बोर्डलाई कानुन बाधक बन्नेछ । यो अवस्थामा बोर्डले सुझबुझपूर्ण निर्णय लिन आवश्यक देखिन्छ ।

# 'बाजीगर'का लागि अनिल कपूर थिए पहिलो रोजाई

काठमाण्डु । शाहरुख खान और अनिल कपूर 'बाजीगर' त्यो फिल्म हो, जुन शाहरुख खानको करिअरमा एउटा ठूलो टर्निङ पोइन्ट थियो । उनलाई बलिउडको किङ बनाउन यो फिल्मको ठूलो हात छ । तर, यो फिल्मका लागि उनी पहिलो रोजाई थिएनन् । निर्देशक अब्बास-मस्तानले शाहरुखभन्दा पहिला अभिनेता अनिल कपूरलाई फिल्म अफर गरेका थिए । तर, उनले काम गर्न अस्वीकार गरेपछि 'बाजीगर' शाहरुखले पाएका थिए ।

पिंकविलासँगको अन्तर्वार्ताको क्रममा अब्बास-मस्तानले अनिल कपुरलाई फिल्म अफर गरेर स्टोरी समेत सुनाएको खुलासा गरेका छन् । उनीहरुले भनेका छन्, ' अनिल कपूरले फिल्मको न्यारेसन सुनेपछि काम गर्न अस्वीकार गर्नुभयो । त्यसबेला उहाँले म जस्तो खालको फिल्ममा काम गरिरहेको छु, यो समयमा ' बाजीगर' जस्तो 'एन्टी हिरो'को भूमिकामा काम गर्न सक्दिनँ भन्नुभएको थियो ।'

यसपछि शाहरुख खानसँग टिभी सिरिज 'फौजी'मा काम गरिसकेका अमृत पटेलले अब्बास-मस्तानलाई शाहरुखको नाम सुझाए । अब्बास-मस्तानले शाहरुखलाई भेट गरेपछि स्टोरी सुनाए तर उनीहरु कन्फिडेन्ट थिएनन् । यसका बाबजूद पनि स्टोरी सुनेपछि शाहरुख काम गर्न रेडी भए । आफूहरुले खराब तरिकाले स्टोरी सुनाए पनि शाहरुख काम गर्न राजी भएको उनीहरु बताउँछन् ।

फिल्म रिलिजको दिन हलमा शाहरुखको क्यारेक्टरलाई मिलेको प्रतिक्रियाले आफूहरु हैरान भएको अब्बास-मस्तान स्मरण गर्छन् । उनीहरु भन्छन्, 'हामीलाई यस्तो खालको प्रतिक्रिया आउँछ भन्ने अपेक्षा नै थिएन ।

त्यसबेला दर्शकले शाहरुखको अभिनय हेरेर 'सुपरस्टार' भनेका थिए ।' सन् १९९३ मा आएको ' बाजीगर'मा काजोल, शिल्पा शेट्टी र दलीप ताहिलको पनि अभिनय रहेको थियो ।

# शान्ति समाजले १५ स्रष्टालाई सम्मान गर्ने



काठमाण्डु । मानव अधिकार तथा शान्ति समाजले स्रष्टा सम्मान अभियानअन्तर्गत स्थापित पुरस्कारद्वारा १५ जना स्रष्टालाई सम्मानित गर्ने निर्णय गरेको छ ।

वर्ष २०७९ सालको कृष्णकुमारी दाहाल शान्ति स्रष्टा सम्मान-धीरेन्द्र प्रेमर्षी (सिरहा), ज्ञानप्रसाद खनाल सहिष्णुता स्रष्टा सम्मान-गोपाल अश्क (गोपालप्रसाद सर्राफ, पर्सा), चन्द्रकला खनाल अहिंसा स्रष्टा सम्मान प्रा डा नारायणप्रसाद खनाल (बागलुङ), महाप्रसाद रिजाल लोकतन्त्र स्रष्टा सम्मान-हरिबहादुर थापा (काभ्रेपलाञ्चोक), मानबहादुर रावल वातावरण स्रष्टा सम्मान-गोविन्दप्रसाद घिमिरे 'वेदमणि' (काठमाडौँ), पवित्रादेवी चौलागाईं मानव अधिकार स्रष्टा सम्मान-त्रिभुवनचन्द्र वाग्ले, (तनहुँ), राधादेवी दाहाल सद्भाव स्रष्टा सम्मान-सीमा आभास (ओखलढुङ्गा) लाई प्रदान गर्ने निर्णय गरिएको सभापति गोविन्द खनालले राससलाई जानकारी दिनुभयो ।

यसैगरी पद्मप्रसाद दाहाल स्रष्टा सौगात-अशोक थारु (दाङ), राधादेवी दाहाल स्रष्टा सौगात-उषा हमाल (सल्यान), गणेशबहादुर श्रेष्ठ स्रष्टा सौगात-शशिकला मानन्धर (काठमाडौँ), भूमिप्रसाद बराल स्रष्टा सौगात-गणेशकुमार राई (ओखलढुङ्गा), जनककुमारी रेग्मी स्रष्टा सौगात-गङ्गा कर्माचार्य पौडेल (स्याङ्जा), जोगमाया बराल स्रष्टा सौगात-हेमन्ती जोशी (डोटी), श्रीप्रसाद दाहाल स्रष्टा सौगात फूलकुमारी थापा मगर (तनहुँ), नारायण दाहाल स्रष्टा सौगात-मनमाया विश्वकर्मा (भोजपुर) लाई प्रदान गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो ।

सातै प्रदेशबाट सात जना महिलासहित पुरस्कृत स्रष्टाले मानव अधिकार, लोकतन्त्र, शान्ति र सामाजिक न्यायको आन्दोलनमा योगदान गर्नुभएको छ । उहाँहरुको संस्कृत, मैथिली, भोजपुरी, थारु, नेवारी, बाम्बुले राई र मगर भाषाको प्रवर्द्धनमा उल्लेखनीय योगदान गर्नुभएको छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको सेरोफेरोमा कार्यक्रम आयोजना गरी रु २० हजार पुरस्कार राशिसहित पुरस्कृत स्रष्टाहरुलाई सम्मान गर्ने कार्यक्रम रहेको जनाइएको छ । एक दशकअघिदेखि मासिक शान्ति काव्य प्रवाह आयोजना गर्दै आएको शान्ति समाजले साहित्यको आराधना र स्रष्टा सम्मानलाई विशेष अभियानका रुपमा अघि बढाउँदै आएको छ ।रासस

# वार्षिक प्रतिवेदन पेश

काठमाण्डु । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा 'न्यायपरिषद् र न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७७/७८' पेश भएको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाकोतर्फबाट ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले सो प्रतिवेदन पेश गर्नुभएको हो ।

यस्तै प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीले राष्ट्रियसभाबाट प्राप्त सन्देशसहित विभिन्न तीन वटा विधेयक टेबल गर्नुभयो । ती विधेयकमा ' पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७९', बीमा विधेयक, २०७९' र 'सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७९' छन् ।

सभामुख अग्निप्रसाद सापकोटाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभारसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनुभएको थियो । प्रतिनिधिसभाको अर्को बैठक आजै ३० मिनेटपछि बस्नेगरी स्थगित भएको छ ।रासस

# जलस्रोत प्रयोगशालाको उद्घाटन

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले ललितपुरस्थित गोदावरीमा निर्माण गरिएको 'जलस्रोत प्रयोगशाला तथा तालिम केन्द्र' को नवनिर्मित भवनको उद्घाटन गर्नुभएको छ । जलस्रोत अनुसन्धान तथा विकासकेन्द्रअन्तर्गत रहेको सो भवनमा शुक्रबार आयोजित कार्यक्रममा मन्त्री भुसालले उद्घाटन गर्नुभएको हो ।

जलस्रोतको परीक्षण त्यससँग सम्बन्धित तालिम सञ्चालन गर्ने उद्देश्यले १२ आना जग्गामा रु १४ करोड लागतमा सात तलाको अत्याधुनिक भवन निर्माण गरिएको हो । सोही अवसरमा मन्त्री भुसालले भौतिक पूर्वाधार, सडक, अवास, सिँचाइ, खानेपानी र जलविद्युत् लगायत समग्र देशको विकासको गुरुयोजना बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "हामीसँग समग्र मार्स्टर प्लान छैन, हामी विकेन्द्रित विकास गर्छौं, सबै मन्त्रालयले आआफ्नै ढङ्गले विकासका काम गर्छौं, त्यसले गर्दा कहिले डुप्लीकेसन, बजेटको केन्द्रीकरण हुने समस्या हुन्छ, त्यसैले सबै सरकारले निरन्तरता दिनेगरी राजनीतिक सहमति गरेर देशको विकासका लागि मार्स्टर प्लान बनाउनुपर्छ ।" मार्स्टर प्लानसहित विकासको योजना बनाउँदा दिगो र



आवश्यकताको विकास हुने उहाँको भनाइ छ ।

मन्त्री भुसालले तालिम तथा अनुसन्धानका कार्यक्रम सञ्चालनका लागि केन्द्र प्रयोगमा आउने बताउँदै जलवायु परिर्वतनको उच्च जोखिममा रहेको नेपालको विशिष्ट भौगोलिक अवस्था अनुकूलको विकास निर्माणका योजना तयार पार्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

मन्त्रालयका ऊर्जा सचिव सुशीलचन्द्र तिवारीले जलस्रोतको विकास, नयाँ प्रविधिको प्रयोग र अनुसन्धानका निम्ति निर्माण गरिएको भवन जलस्रोतका क्षेत्रमा बढीभन्दा बढी प्रयोग हुने बताउनुभयो । मन्त्रालयका जलस्रोत तथा सिँचाइ सचिव सागरकुमार राईले 'जलस्रोत प्रयोगशाला तथा तालिम केन्द्र'को क्षेत्राधिकार बढाउँदै विशिष्ट प्रकृतिको प्रयोगशाला बनाउनुपर्नेमा जोड दिनुभयो ।

जलस्रोत अनुसन्धान तथा विकास केन्द्रका कार्यकारी निर्देशक सरिता दवाडीले प्रयोगशालालाई जलस्रोत क्षेत्रको राष्ट्रियस्तरको प्रयोगशालाका रुपमा विकास गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# डेङ्गु नियन्त्रण गर्न संसदमा सरकारको ध्यानाकर्षण

काठमाण्डु । मुलुकका अधिकांश जिल्लामा डेङ्गु सङ्क्रमितको सङ्ख्या बढिरहेकाले तत्काल नियन्त्रणमा पहल गर्न सरकारको ध्यानाकर्षण गराइएको छ ।



राष्ट्रियसभाको शुक्रबारको बैठकको विशेष समयमा सांसद मायाप्रसाद शर्माले डेङ्गु सङ्क्रमण बढ्दोक्रममा रहेकाले तत्काल नियन्त्रण गर्न आवश्यक भएको बताउनुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सातै प्रदेशअन्तर्गतका ७५ जिल्लामा डेङ्गु फैलिएको जनाएको छ । गत साउनदेखि हालसम्म १२ हजार दुई सय १७ जनामा डेङ्गु पुष्टि भएको मन्त्रालयको तथ्याङ्क छ । डेङ्गुका कारण ११ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले पुष्टि गरेको छ ।

मन्त्रालयका अनुसार प्रदेश १ मा चार सय दुई, मधेसमा दुई सय २३, बागमतीमा नौ हजार तीन सय चार, गण्डकीमा दुई सय ४५, लुम्बिनीमा एक हजार चार सय ७९, कर्णालीमा एक सय ८४ र सुदूरपश्चिम प्रदेशमा तीन सय ८० जनामा डेङ्गु देखिएको छ ।

सांसद शर्माले देशका धेरै स्थानमा बाढीपहिरो गएको जनाउँदै बाढीपहिरो प्रभावितको उद्धार र राहत वितरणमा सरकारको ध्यानाकर्षण गराउनुभयो । दार्चुला, काभ्रेपलाञ्चोकलगायत जिल्लामा बाढी, पहिरोले मानवीय र भौतिक क्षति पुऱ्याएको छ । उहाँले बाढी, पहिरो प्रभावितलाई राहत र प्रभावित क्षेत्रमा तत्काल सडक सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद डा विमला राई पौडेलले डेङ्गुले तहल्का मच्चाइरहेकाले यसको नियन्त्रणमा सरकारको ध्यानाकर्षण गराउनुभयो । "प्रत्येक घरमा बिरामी छन् । सरकार डेङ्गु नियन्त्रण गर्नेतर्फ ध्यान दिन सकेन । बजारमा सिटामोलको अभाव छ, जनतालाई ज्वरो आएको छ, सिटामोल पुऱ्याउनु पर्दैन ?", उहाँले भन्नुभयो । उहाँले डेङ्गु प्रतिकारात्मक काम कहाँ पुग्यो भनी स्वास्थ्य मन्त्रालयसँग प्रश्न गर्नुभयो ।

सांसद जयन्तीदेवी राईले महँगीको चपेटामा जनता परिरहेको र महँगी नियन्त्रणमा सरकारको ध्यान दिन नसकेको बताउनुभयो । "सबैको ध्यान पेट्रोलियम पदार्थको मूल्य बढेकामा गएको देखियो", उहाँले भन्नुभयो, "तर दैनिक उपभोग्यवस्तुको मूल्य अकासिएको छ, यतातर्फ कसैको ध्यान गएको देखिएन ।" किसानका उत्पादनले उचित मूल्य पाउन नसकेको तथा उपभोक्ताले चर्को मूल्य तिरेर तरकारी खानुपरेको जनाउँदै उहाँले कृषिजन्य उत्पादनको बिक्री वितरणमा संलग्न विचौलियाको नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद खिमलाल देवकोटाले प्रदेशलाई अधिकार दिन कुनै कञ्जुस्याइँ गर्न नहुने बताउनुभयो । पाँच वर्षसम्म प्रदेशले सरकारको अनुभूति गर्न नपाएको उल्लेख गर्दै उहाँले संविधानको अनुसूचीमा रहेको एकल अधिकार सूचीका अधिकार पनि प्रदेशले प्रयोग गर्न नसकेको बताउनुभयो । "एकल अधिकार क्षेत्रभित्र रहे पनि अहिलेसम्म प्रहरी समायोजन भएको छैन, सङ्घीय निजामतीसम्बन्धी कानून नहुँदा प्रदेश निजामती कानून बन्न सकेको छैन, बनेका पनि प्रभाकारी छैनन्", उहाँले भन्नुभयो, "प्रदेश लोकसेवा आयोग प्रभावकारी बन्न सकेको छैन, प्रदेशमा ४० प्रतिशत कर्मचारी न्यून छन्, भएका कर्मचारीको पनि स्थायित्व छैन, प्रदेश मन्त्रालयका सचिवको छोटो अवधिमा नै सरुवा हुने गरेको छ ।"

प्रदेशका अधिकारलाई सङ्कुचन हुनेगरी विभिन्न सङ्घीय कानुन बनेको जनाउँदै उहाँले कर्मचारी, कानून, वित्तीय साधन स्रोतलगायत आधारभूत संरचना सुनिश्चिता नगरिए प्रदेश सरकारले आफ्नो औँचित्य पुष्टि गर्न नसक्ने बताउनुभयो ।

सांसद कमला पन्तले आगामी निर्वाचनमा महिला सहभागिता सुनिश्चित गर्न राजनीतिक दलले ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "महिलाले निर्वाचनमा भाग लिन सक्दैनन् भन्ने होइन, उनीहरुले निर्वाचनमा विजयी हुन्छन् भन्ने मानसिकता नेतृत्वले गर्नुपर्छ ।" सांसद देवेन्द्र दाहालले मुलुकको समृद्धि, सुशासनका लागि सरकारले ध्यान दिनुपर्ने बताउनुभयो । "रोजगारी सिर्जना, भ्रष्टाचार नियन्त्रण, अनुशासनहिनताको अन्त्य गरिनुपर्छ", उहाँले भन्नुभयो ।

सांसद गोमादेवी तिमिल्सना जनताले गणतन्त्रको अनुभूति गर्न नपाएको जनाउँदै जनजीविकाका सवाल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । "महँगीले चरम सीमा नाघेको छ, स्वदेशमै उत्पादित सामग्रीको मूल्य पनि अकासिएको छ", उहाँले भन्नुभयो, "कृषिप्रधान मुलुक भने पनि दैनिक उपभोग्य वस्तु आयातमा आधारित छ, सरकारले खेतीयोग्य जमिन बाँझो नराखी कृषि उत्पादन गराउनेतर्फ लाग्नुपर्छ ।"रासस

# सरकारद्वारा विद्युत् विधेयक फिर्ता

काठमाण्डु । सरकारले राष्ट्रियसभामा विचाराधीन विद्युत् विधेयक, २०७७ फिर्ता लिएको छ । संविधानको धारा ११२ र राष्ट्रियसभा नियमावली, २०७५ को नियम ११६ बमोजिम विचाराधीन विधेयक सरकारले फिर्ता लिएको हो ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले प्रस्तुत गर्नुभएको उक्त विधेयक फिर्ता गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको हो ।

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सो विधेयक राष्ट्रियसभाबाट फिर्ता भएको घोषणा गर्नुभयो । राष्ट्रियसभाको अर्को बैठक आगामी असोज २ गते आइतबार बिहान १०:५९ मा बस्नेछ ।रासस

# प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल असोज १ गते रातिपछि सकिने



काठमाण्डु । निर्वाचन आयोगले विद्यमान प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको कार्यकाल आगामी असोज १ गते राति १२ बजेदेखि स्वतः कायम नरहने स्पष्ट गरेका छन् ।

आयोगले राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको भदौ २८ गतेको पत्र र भदौ २९ गतेको राजनीतिक दलसँगको बैठकबाट प्राप्त सुझाव समेतका आधारमा संवत् २०७४ सालमा भएको प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको लागि राजनीतिक दलले पेश गरी आयोगले प्रकाशन गरेको उम्मेदवारको बन्दसूची असोज १ गते राति १२ बजेदेखि स्वतः कायम नरहने गरी आयोगले निर्णय गरेको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आयोगले गरेको उक्त निर्णयको जानकारी प्रतिनिधिसभा, प्रदेशसभा, सङ्घीय संसद् राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समिति र राजनितिक दललाई दिने तथा नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय समेत गरेको शुक्रबार प्रेस विज्ञप्ति जारी गरी जनाउनुभएको थियो ।रासस

# साउदीसँग छिट्टै श्रम समझदारी हुने

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले प्रमुख श्रम गन्तव्य मुलुक साउदी अरेबियासँग छिट्टै श्रम सम्झौता हुने बताउनुभएको छ ।

आफूसँग शिष्टाचार भेटका लागि शुक्रबार सिंहदरबार पुग्नुभएका नेपालका लागि साउदी अरेबियाका राजदूत साद नासेर अब्दुल्ला अबु हैमदलाई मन्त्री कुँवरले दुई देशबीचको श्रम सम्झौताको काम अगाडि बढिरहेको बताउनुभएको थियो ।

सो अवसरमा उहाँहरुबीच साउदीमा काम गर्ने नेपाली श्रमिकको सुरक्षाका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ । मन्त्री कुँवरले साउदी अरेबियामा काम गर्दै आएका नेपालीको समस्या र उनीहरुको सुरक्षाका लागि सहकार्य गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

उहाँले नेपालबाट साउदीमा सीपयुक्त जनशक्ति पठाउनका लागि त्यहाँको सरकारले पनि सहयोग गर्नुपर्ने बताउनुभएको थियो । मन्त्री कुँवरले साउदीमा काम गर्ने नेपाली श्रमिकलाई त्यहाँको सरकारले रोजगारको अवधि सकिएपछि बहिर्गमन भिसा समयमै नदिँदा नेपालीले कामदारले समस्या भोग्ने गरेकाले यसमा विशेष सहयोग गरिदिन आग्रह गर्नुभएको थियो ।रासस

# सीमामा हुने आपराधिक घटना रोक्न प्रहरीलाई मन्त्री कार्कीको निर्देशन

झापा । इलाका प्रहरी कार्यालय काँकरभिट्टाको नवनिर्मित भवनको शुक्रबार प्रदेश नम्बर १ का आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीले उद्घाटन गर्नुभएको छ ।

मन्त्री कार्कीले भवन उद्घाटन समारोमा पूर्वको मुख्य सीमानाकामा आपराधिक घटना बढी हुने हुँदा त्यसलाई रोक्न प्रहरीलाई चनाखो भएर काम लाग्न निर्देशन दिनुभयो । उहाँले चाडपर्व नजिकै जाँदा सीमा क्षेत्रमा हुने चोरी, तस्करीलगायत आपराधिक घटनालाई रोक्न र जनतालाई सुरक्षाको प्रत्याभूति दिलाउन प्रतिबद्ध भएर लाग्न जिल्ला प्रहरीका सबै युनिटलाई आग्रह गर्नुभयो । मन्त्री कार्कीले सुविधा सम्पन्न भवन निर्माण भए पनि प्रहरी नायब उपरीक्षकलगायत सबैलाई आवास आवश्यकता



भएको हुँदा प्रदेश सरकारले पहिलो प्राथमिकतामा राखेर आवास निर्माणको कामलाई अघि बढाउने बताउनुभयो ।

कार्यक्रममा प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक सुदीप गिरी, मेचीनगर नगरपालिका प्रमुख गोपालचन्द्र बुढाथोकी, प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो । कार्यक्रममा विसं २०२३ मा काँकरभिट्टा सीमानाकामा प्रहरी पोष्ट स्थापना गर्ने पूर्वप्रहरी हवल्दार ८६ वर्षीय बीर्खे गुरुङलाई सम्मान गरिएको थियो ।

प्रहरी उपरीक्षक अनिल राणाले रु दुई करोड ८३ लाख ३४ हजार छ सय ४१ को लगातमा अढाइ तले पक्की भवन निर्माण भएको बताउनुभयो । विसं २०३७ मा बनेको पुरानो र जीर्ण भएकाले नयाँ भवन बनाइएको उहाँको भनाइ छ । भवनको विसं २०७५ चैत १९ गते प्रदेशका तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मतकुमार कार्कीले शिलान्यास गर्नुभएको थियो । सुविधा सम्पन्न २२ कोठे पक्की भवनको निर्माणको ठेक्का याक्थुङहाङ एसएस पुस्कर जेभी निर्माण कम्पनीले लिएको थियो ।रासस

# उत्तरगङ्गा जलाशययुक्त आयोजनाको काम के भयो ?

काठमाण्डु । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसद कमल रोक्काले उत्तरगङ्गा जलविद्युत् आयोजना निर्माणका लागि पटकपटक प्रक्रिया अगाडि बढाउन आग्रह गरिए पनि सुनुवाइ नभएको गुनासो गर्नुभयो ।

उहाँले ढोरपाटन सिकार आरक्षलाई कुनै पनि समस्या नपर्ने गरी सो आयोजना तत्काल अगाडि बढाउन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो । कूल आठ सय २८ मेगावाट क्षमताको सो आयोजना हाल अध्ययनका क्रममा छ । सो आयोजनाबाट निकास हुने पानीका विषयमा कुरा मिल्न नसक्दा प्रक्रिया अगाडि बढ्न सकेको छैन ।

केहीले आयोजनाबाट निकास हुने पानी बाग्लुङतर्फ नै खसाल्नुपर्ने धारणा राख्नछन् । धेरैले सो आयोजनाको पानी हाल उत्तरगङ्गा नदीकै प्राकृतिक बहाव अनुसार बग्न दिनुपर्ने बताउँछन् ।

त्यस्तै सांसद रोक्काले ढोरपाटन शिकार आरक्षबाट स्थानीयवासीले



लाभ लिने वातावरण बनाउनुपर्ने धारणा राख्नुभयो । सांसद डिला सङ्ग्रौला पन्तले संसद्को पाँच वर्षे कार्यकालमा आफूले देश, जनताका दैनिक समस्या उठाउन पाएको र आफूले पनि केही कुरा सिक्न पाएको बताउनुभयो ।

सांसद नारायण मरासिनीले सिद्धार्थ राजमार्गको स्तरोन्नति गर्न आग्रह गर्दै पहिरोका कारण नियमितरुपमा यातायात सञ्चालनमा समस्या देखिएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद प्रेम सुवालले भक्तपुरमा वितरित इन्टरनेट सेवा गुणस्तरीय नभएकाले अस्पतालमा उपचारत बिरामी र विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीले कठिनाइ भोग्नुपरेको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद खेमप्रसाद लोहनीले बूढीगण्डकी जलविद्युत् आयोजनाबाट प्रभावितको क्षतिपूर्ति, मुआब्जा, पुनःबास र पुनःस्थापनाको काम बाँकी नै रहेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । रासस

# ठूला भ्रष्टाचारका मुद्दाको अनुसन्धान भइरहेको छ : आयुक्त सिलवाल

चितवन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त किशोरकुमार सिलवालले आयोगले साना मात्रै नभएर ठूला भ्रष्टाचारका मुद्दाको अनुसन्धान गरिरहेको बताउनुभएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाले शुक्रबार आयोजना गरेको भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धनमा सहकार्यसम्बन्धी जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रममा आयुक्त सिलवालले ठूला भ्रष्टाचारका मुद्दाको पनि अनुसन्धान गरिरहेको उल्लेख गर्नुभयो ।

सहभागीले ठूलालाई छाडेर साना मुद्दामा आयोग केन्द्रित भएको गुनासो गरेपछि त्यसको जवाफ दिँदै उहाँले ललिता निवासको जस्तै धेरै मुद्दाको अनुसन्धान भइरहेको जानकारी दिनुभयो ।

सरकारी सम्पत्ति दुरुपयोगका विषयमा महत्वपूर्ण अनुसन्धान भइरहेको उहाँको भनाइ थियो । मधेश प्रदेशको साइकल खरिद प्रकरणलगायत महत्वपूर्ण अनुसन्धान आयोगले गरिरहेको सिलवालले बताउनुभयो । भ्रष्टाचार निवारण ऐन, २०५९ मा बनेको भन्दै उहाँले संसोधन हुन नसक्दा समस्या देखिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भ्रष्टाचार निवारण ऐन २० वर्षसम्म जस्ताको तस्तै त्यहीँ ठाउँमा रहेको छ ।' सिलवालले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर काम नगर्न पालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई सुझाव दिनुभयो ।

पालिकाका प्रमुख, उपप्रमुख एवं भ्रष्ट्राचार निवारणका क्षेत्रमा काम गरेका सङ्घ संस्थाका प्रतिनिधि एवं सहभागीले राखेका जिज्ञासाको उहाँले जवाफ दिनुभएको थियो ।

जिल्ला समन्वय समितिका प्रमुख नारायणप्रसाद अधिकारीले ऐन कानुन सबैलाई समान भएको भन्दै भ्रष्टाचार नियन्त्रणमा सबै एकजुट हुनुपर्ने बताउनुभयो ।रासस

# भ्रष्टाचार मुद्दामाथि अनुसन्धान सुरु



**सिन्ह्वा**

मनिला। भियतनामले यस वर्षमात्र भ्रष्टाचारका एक लाख २० हजारभन्दा बढी मुद्दामाथि अनुसन्धान थालेको यहाँको भ्रष्टाचारजन्य क्रियाकलापको अनुसन्धान गर्ने निकायले जनाएको छ।

भियतनाम सरकारको भ्रष्टाचार निवारण अभियान अन्तर्गत यस वर्षमात्र ती मद्दामाथि अनुसन्धान थालेएको र अधिकांशमा कारबाही प्रक्रिया पनि अघि बढाएको बताएको छ।

भियतनामको समाचार समितिले बिहीबार यहाँको भ्रष्टाचार नियन्त्रण गर्ने निकायले एक लाख २० हजारभन्दा बढी भ्रष्टचारजन्य मुद्दाको अनुसन्धान थालेको जनाएको समाचारमा उल्लेख गरेको छ।

सरकारले भ्रष्टाचारजन्य अपराधको अनुसन्धान र कारबाहीलाई अभियानका रुपमा अघि सारेको छ। सोही बमोजिम सो निकायले काम सुरु गरेको र यसवर्षमात्र यी मुद्दामाथि अनुसन्धान र कारबाही थालिएको सो समाचार समितिले जनाएको हो।

यहाँ भ्रष्टाचारजन्य क्रियाकलापमा निकै बढोत्तरी भएको गुनासोका आधारमा सरकारले यो अभियान सुरु गरेको हो। यसवर्ष यस कार्यलाई प्राथमिकताका साथ अघि बढाइने सरकारले जनाएको छ।

यो अभियानबाट भ्रष्टाचारजन्य क्रियाकलापमा सङ्लग्न भएका कैयौँ व्यक्तिमाथि कारबाही हुनुका साथै ठूलो रकम राजस्वका रुपमा प्राप्त हुने पनि बताइएको छ।

# चीनका राष्ट्रपतिले टर्कीसँग थप राजनीतिक विश्वास गर्न आग्रह

**एएफपी**

बेइजिङ। चीनका राष्ट्रपति सी चिनफिङले शुक्रबार आफ्नो टर्की समकक्ष रिसेप तैयप एर्दोगानलाई भेट्नु भएको छ। मध्य एशियामा क्षेत्रीय सुरक्षा बैठकमा दुई पक्षबीच राजनीतिक पारस्परिक विश्वास गर्न उहाँले आग्रह गर्नुभएको जनाइएको छ।

उज्वेकिस्तानको समरकन्दमा भएको साङ्घाई सहयोग सङ्घठन (एससीओ) शिखर सम्मेलनको क्रममा सी र एर्दोगानबीच भेट भएको थियो।



टर्की एससीओको एक संवाद साझेदार हो। सन् २००१ मा स्थापित भएको यस सङ्गठनमा चीन, भारत, पाकिस्तान, रुस र धेरै पूर्वसोभियत राज्य मिलेर बनेको छ।

'दुई पक्षले राजनीतिक पारस्परिक विश्वासलाई सुदृढ पार्नुपर्छ, एकअर्काको मुख्य हितलाई सम्मान गर्नुपर्छ र चीन-टर्की रणनीतिक सहयोग सम्बन्धको राजनीतिक आधारलाई सुदृढ बनाउनुपर्छ,' सीले भन्नुभएको चिनियाँ राज्य सञ्चालित समाचार समिति सिसिटिभी जानकारी दिएको छ।

हामीले विकास सहयोगमा ध्यान केन्द्रित गर्नुपर्छ दुई देश बीचको विभिन्न सहयोग संयन्त्र र सम्बन्धित शक्तिको भूमिकालाई पूर्णरूपमा खेल्नुपर्छ," चीनका नेताले भन्नुभएको छ।

चिनियाँ राष्ट्रपति सीले आफ्नो हस्ताक्षर बेल्ट एण्ड रोड विश्वव्यापी व्यापार पहलमा थप सहयोगका लागि जोड दिनुभयो। दुई देशले "अन्तरराष्ट्रिय औद्योगिक र आपूर्ति श्रृङ्खला, खाद्य र ऊर्जा सुरक्षाको रक्षा गर्न योगदान दिनुपर्छ," सीले भन्नु भएको छ।

राष्ट्रपति सीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र इरानका इब्राहिम राईसीलाई क्षेत्रीय सुरक्षा शिखर सम्मेलनमा पनि भेट् गर्नुभएको छ। चिनियाँ नेताले कोरोनाभाइरस महामारीको प्रारम्भिक दिनदेखियता यो पहिलो विदेश भ्रमण गर्नुभएको हो।

# प्रधानमन्त्रीद्वारा नवौं राष्ट्रिय खेलकुदको ट्रफी सार्वजनिक

काठमाण्डु। प्रधानमन्त्री शेरबहादुर देउवाले नवौँ राष्ट्रिय बृहत् खेलकुद प्रतियोगिताका लागि तयार गरिएको ट्रफी सार्वजनिकीकरण गर्नुभएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार आयोजित समारोहमा उहाँले प्रतियोगिताका लागि तयार गरिएको 'नेशनल गेम ट्रफी' सार्वजनिक गर्नुभएको हो।

सो अवसरमा प्रधानमन्त्री देउवाले मुलुकमा खेलकुद विश्वविद्यालय स्थापना गर्नेतर्फ सरकारले काम गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "आर्थिक अवस्था राम्रो छैन, तर पनि सुरुआत गर्नेछौँ, यसबाट खेलप्रेमी अझै आकर्षित हुने विश्वास लिएको छु, युवामा खेलकुदप्रति राम्रो लगाव छ।"

नेपाली खेलकुदमा अघि भए पनि राष्ट्रियरुपमा भने ख्याति प्राप्त गर्न बाँकी नै रहेको उल्लेख गर्दै उहाँले नेपाल खेलकुद प्रेमी देश भएकोसमेत बताउनुभयो। युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग



गहतराजले नवौँ बृहत् राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि पहिलो पटक धेरै पदक विजेता टोलीलाई ट्रफीको व्यवस्था गरिएको जानकारी दिनुभयो। उक्त ट्रफी चाँदी र सुन जडित करिब रु १० लाखको लागतमा तयार गरिएको हो।

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा आयोजना हुने राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी र नयाँ व्यवस्था हुन लागेको ट्रफीसम्बन्धी विवरण प्रस्तुत गर्नुभएको थियो।

उक्त ट्रफी सातै प्रदेशका मुकाम र विभागीय टोलीका मुख्यालयमा पुऱ्याएर प्रतियोगितास्थल पोखरामा लगिने उहाँले जानकारी दिनुभयो। सो प्रतियोगितामा सात प्रदेश, तीन विभागीय टोली र गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) बीच प्रतिस्पर्धा हुनेछ।रासस

# राष्ट्रपति सीको इरानी राष्ट्रपति इब्राहिम रायसीसँग भेट

**सिन्ह्वा**

उज्वेकिस्तान। चिनियाँ राष्ट्रपति सी चिनफिङले शुक्रबार बिहान समरकन्दको फोरमलार मजमुआसी कम्प्लेक्समा इरानी राष्ट्रपतिइब्राहिमरायसीसँगभेटवार्ता गर्नु भएको छ।

सीले चीन र इरानबीच लामो समयदेखिको मित्रता रहेको र तिनीको सम्बन्ध परिवर्तनशील अन्तरराष्ट्रिय परिदृश्यको परीक्षामा खडा भएको कुरा औंल्याउनु भएको छ।

दुई देशबीचको बृहत् रणनीतिक साझेदारीलाई सुदृढ र विकास गर्नु दुवै पक्षको साझा रणनीतिक छनोट भएको सीले बताउनुभयो।

चीनले इरानसँगको सम्बन्धलाई रणनीतिक र दीर्घकालीन दृष्टिकोणबाट हेरेको छ। द्विपक्षीय सम्बन्धमा नयाँ प्रगति गर्न इरानसँग रणनीतिक सञ्चार र समन्वय बढाउन तयार रहेको चिनियाँ राष्ट्रपतिले बताउनुभयो।



सीले चीनको सार्वभौमसत्ता, राष्ट्रिय स्वाभिमानको रक्षा गर्न इरानलाई सहयोग गर्ने र विकासोन्मुख देशको साझा हित र आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्तलाई कायम राख्न इरानसँग मिलेर काम गर्ने कुरामा जोड दिनुभएको छ।

दुवै पक्षले आ-आफ्नो वृहत् सहयोग योजना कार्यान्वयन गर्न, बेल्ट एण्ड रोड सहयोगलाई अगाडि बढाउन सक्रिय प्रयास गर्नुपर्छ र सहयोगको थप उपलब्धि हासिल गर्न प्रयास गर्नुपर्छ, सीले भन्नुभयो।

ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जीडीआई) र ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई) मा सामेल हुन इरानलाई स्वागत छ भन्ने कुरा उल्लेख गर्दै सीले साङ्घाई सहयोग सङ्घठन (एससीओ)को पूर्णसदस्य भएकोमा इरानलाई बधाई दिनुभएको छ। निकट समन्वय र सहयोगका लागि तयार रहेको पनि सीले बताउनु भएका छ।

# इटालीमा आएको आँधीमा परी सातको मृत्यु

**एएफपी**

रोम। मध्यइटालीमा आएको भीषण आँधीको कारण सडक र घरमा पसेको बाढीमा परी कम्तीमा सात जनाको मृत्यु भएको नागरिक सुरक्षा निकायका प्रवक्ताले शुक्रबार एएफपीलाई बताउनु भएको छ।

स्थानीय अधिकारीका अनुसार हालसम्म मृतकको सङ्ख्या सात छ। सातौँ शव भर्खरै फेला परेको छ, प्रवक्ताले स्थानीय सञ्चारमाध्यमलाई पुष्टि गर्नुभएको छ।

यस आँधीमा परी कति व्यक्ति घाइते वा वेपत्ता भएकालगयातका विस्तृत समाचार भने हालसम्म प्राप्त भएको छैन्।

# एससीओ सदस्यता अनुमोदन

**सिन्ह्वा**

समरकन्द। इरानको सांघाई सहयोग सङ्गठनको सदस्यता सम्बन्धी दायित्वको ज्ञापनपत्रमा शुक्रबार हस्ताक्षर भएको छ।

यहाँ आयोजित एससीओ राष्ट्र प्रमुखहरूको परिषद्को २२ औं बैठकमा सो बारे हस्ताक्षर भएको हो। बैठकले बेलारुसको सम्मिलनका लागि प्रक्रिया शुरु, इजिप्ट, साउदी एबिया र कतारलाई एसीओ संवाद साझेदारको हैसियत, बहराइन, माल्दिभ्स, संयुक्त अरब इमिरेट्स, कुवेत र म्यान्मारलाई नयाँ साझेदारको रूपमा स्वीकार्ने बारे प्रक्रिया अघि बढाएको छ।

# बङ्गलादेश फाइनलमा

काठमाण्डु। छैटौं संस्करणको महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगितामा भुटानलाई पराजित गर्दै बङ्गलादेश फाइनलमा प्रवेश गरेको छ।



त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा भुटानलाई ८-० गोल अन्तरले पराजित गर्दै बङ्गलादेश फाइनल पुगेको हो। बङ्गलादेशको जितमा सविना खातुनले ह्याट्रिक पूरा गरिन् भने मोसाम्मत सिरात जाहन सोप्ना, श्रीमोती सरकार, रितु पोर्ना चक्मा, मसुरा प्रभिन र तोहुरा खातुनले एक एक गोल गरिन्।

बङ्गलादेशले खेल सुरुआती दोस्रो मिनेटमा मोसाम्मतको गोलबाट सुरुआती अग्रता बनायो। खेलको १८ औँ मिनेटमा सविनाले गोल गर्दै बङ्गलादेशको अग्रता २-० को बनाइन्। त्यसपछि खेलको ३० औँ मिनेटमा श्रीमोतीले गोल गर्दा बङ्गलादेशको अग्रता तेब्बर बन्यो भने खेलको ३५ औँ मिनेटमा रितुले गोल गरेपछि पहिलो हाफमा बङ्गलादेश ४-० ले अघि रह्यो।

त्यसैगरी खेलको दोस्रो हाफमा बङ्गलादेशले थप चार गोल गऱ्यो। खेलको ५४ औँ मिनेटमा सबिनाले गोल गर्दै टिमको अग्रता ५-० को बनाइन्। खेलको ५७ औँ मिनेटमा मसुराले गोल गर्दा बङ्गलादेश ६-० ले अघि रह्यो। खेलको ८७ औँ मिनेटमा तोहोराले गोल गरेपछि बङ्गलादेश ७-० ले अघि रह्यो। त्यसपछि खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा सविनाले ह्याट्रिक पूरा गर्दै बङ्गलादेशलाई ८-० को जित दिलाइन्।

अब बङ्गलादेशले आजै हुने अर्को सेमिफाइनल खेलको विजेता टोलीसँग फाइनल खेल्नेछ। दोस्रो सेमिफाइनल खेलमा नेपाल र भारत भिड्नेछन् यसको विजेता फाइनल पुग्नेछ। नेपाल र भारतबीचको खेल शुक्रवार साँझ ५:३० बजे सुरु हुनेछ।रासस

# स्वतन्त्रता दिवसको रमाइलो गर्दा गुटेमालामा नौ जनाको मृत्यु

**सिन्ह्वा**

गुटेमाला सिटी। स्वतन्त्रता दिवसका अवसरमा आयोजित कार्यक्रममा भएको झडपमा परी गुटेमालामा कम्तीमा नौ जनाको मृत्यु भएको छ। घटनामा परी अरु २० जना घाइते भएका स्थानीय अधिकारीले शुक्रबार जानकारी दिएका छन्।

शुक्रबार बिहान स्वतन्त्रता दिवसका अवसरमा आयोजित सांस्कृतिक कार्यक्रमको अन्त्य तीर झडप भएको थियो। देशको पश्चिमी क्षेत्रमा रहेको क्वेटजाल्तेनान्गोमा घटना भएको घटनास्थलमा पुगेका स्थानीय रेडक्रमकर्मीले जानकारी दिएका छन्।



रेडक्रसकर्मीले सामाजिक सञ्जालमा लेखेअनुसार घटनामा परी घाइते भएकाको स्थानीय विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

घटनाका बारेमा स्थानीय प्रहरीले अनुसन्धान सुरु गरिसकेको र शङ्कास्पद केहीलाई नियन्त्रणमा लिएर सोधपुछ गरेको जनाइएको छ।

गुटेमालामा हरेक वर्षको सेप्टेम्बर १५ तारिखमा स्वतन्त्रता दिवस मनाउने गरिन्छ। स्पेनको नियन्त्रणबाट मुक्त भएको सम्झनामा गुटेमालामा स्वतन्त्रता दिवस मनाउने गरिएको हो।

# यो युद्धको लागि उचित समय होइन : भारतीय प्रधानमन्त्री मोदी

**एएफपी**



समरकन्द। भारतीयप्रधानमन्त्री नरेन्द्र मोदीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई क्षेत्रीय शिखर सम्मेलनका क्रममा शुक्रबार 'यो युद्धको लागि उचित समय नभएको' बताउनुभएको छ।

नयाँ दिल्ली र मस्कोबीच शीतयुद्धदेखि नै लामो समयदेखि सम्बन्ध रहँदै आएको छ र रूस भारतको सबैभन्दा ठूलो हतियार आपूर्तिकर्ता हो।

तर फेब्रुअरीमा मस्कोको सेनाले युक्रेनमा आक्रमण गरेपछि पहिलो पटक आमनेसामने भएको भेटमा मोदीले पुटिनलाई भन्नुभयो, 'महामहिम, मलाई थाहा छ आजको समय युद्धको लागि उपयुक्त समय होइन।'

तेल र अन्य वस्तुहरूको मूल्य वृद्धिको कारण बनेको रूसी आक्रमणबारे रूसको विपक्षमा उभिन भारत चाहेको देखिएको छैन।

उज्बेकिस्तानको समरकन्द शहरमा साङ्घाई कोअपरेसन अर्गनाइजेसन (एससीओ) को शिखर सम्मेलनका क्रममा भएको भेटमा उहाँले लोकतन्त्र, कूटनीति र संवादको महत्वमा जोड दिनुभएको थियो।

उहाँहरुबीच शान्तिका मार्गमा कसरी अघि बढ्ने भन्ने विषयमा छलफल भएको मोदीले बताउनुभयो।

युक्रेनमा रुसी सेनाले ठूलो युद्धभूमिको असफलताको सामना गरिरहेको बेला एससीओ शिखर सम्मेलन हुन लागेको छ र यसले पुटिनका लागि पश्चिमी प्रयासका बावजुद आफ्नो देश पूर्ण रूपमा एक्लो नभएको देखाउने अवसरको प्रतिनिधित्व गरेको छ।

'मलाई युक्रेनको द्वन्द्वमा तपाईंको तपाईंको चिन्ता र स्थिति थाहा छ। यसलाई जतिसक्दो चाँडो अन्त्य गर्न हामी सक्दो प्रयास गर्नेछौं,' पुटिनले मोदीसँग भन्नुभयो।

तर युक्रेनको नेतृत्वले वार्तालाई अस्वीकार गरेको र युद्धभूमिमा सैन्य माध्यमबाट आफ्नो लक्ष्य हासिल गर्न चाहेको पुटिनको दावी थियो।

बिहीबार पुटिनले आफ्ना चिनियाँ समकक्षी सी जिनपिङलाई भेटेर आफ्नो प्रमुख सहयोगी बेइजिङलाई पनि द्वन्द्वबारे 'चिन्ता' रहेको स्वीकार र्नुभएको बताइएको छ।

# २२ जनाको मृत्यु

**सिन्ह्वा**

इस्लामावाद। पाकिस्तानमा बाढी पहिरोका कारण थप २२ जनाको मृत्यु भएको छ।

अत्यधिक वर्षापछिका घटनामा परी पाकिस्तानमा पछिल्लो समय दैनिक धनजनको क्षति भइरहेको छ।

घटनामा परी पछिल्लो २४ घण्टामा थप नौ जना घाइते भएको र स्थानीय अस्पतालमा उपचार भइरहेको जनाइएको छ। बाढी पहिरोबाट सबैभन्दा बढी सिन्ध प्रान्त प्रभावित भएको छ। यही प्रान्तमा मानवीय क्षति र भौतिक क्षति सबैभन्दा बढी भएको छ।

गत मध्य जुनदेखि सुरु भएको मनसुनपछिका घटनाका कारण पाकिस्तानमा यस पटक अकल्पनीय क्षति भएको छ।

बाढी पहिरोले लाखौं विस्थापित भएका छन्, भने अरु हजारौ घाइते भएका छन्। घटनामा परी अहिलेसम्म एक हजार ५०८ जनाको मृत्यु भएको जनाइएको छ।

त्यसैगरी १२ हजार ७५८ जना घाइते भएका छन्। प्रकोप व्यवस्थापन प्राधिकरणका अनुसार यसअवधिमा १८ लाख १७ हजार ५५० घर क्षतिग्रस्त भएका छन्। नौ लाख २९ हजार ५४३ जनावर मरेको पनि प्राधिकरणले जनाएको छ।

# कोभिडबाट एकैदिन ३१ जनाको मृत्यु

**सिन्ह्वा**

मनिला। फिलिपिन्समा शुक्रबार मात्र कोभिड-१९ बाट दुई हजार एक सय ४१ जनामा सङ्क्रमण भएको बताइएको छ। यो समेत गरी यहाँ अहिलेसम्म ३९ लाखभन्दा बढी व्यक्तिमा कोभिडको सङ्क्रमण भएको जनाइएको छ।

साथै यहाँ कोभिडका कारण बिहीबार मात्र ३१ जनाको ज्यान गएको फिलिपिन्सको स्वास्थ्य विभागले जानकारी दिएको हो।

यो समेतगरी यहाँका ६२ हजार चार सय ४७ जनाको कोभिडबाट निधन भएको थियो। फिलिपिन्सको मेट्रो मनिला क्षेत्रमा कोभिडले सबैभन्दा बढी प्रभावित बनाएको छ।

सो क्षेत्रमा मात्र कम्तीमा पनि एक हजार नयाँ सङ्क्रमित बिहीबार थपिएका बताइएको छ। यहाँ गत जनवरीमा एकै दिन ३९ हजार जनामा पनि सङ्क्रमण भएको थियो।

अहिले भने दैनिक दुई हजारको हाराहारीमा सङ्क्रमित भेटिने गरेका यहाँको स्वास्थ्य विभागले जानकारी दिएको छ। यहाँको जनसङ्ख्याको ७२.८ प्रतिशत नागरिकले कोरोनाका विरुद्धको खोपको पूर्णमात्रा लगाएका छन्।

# ८० हजार जना घरवार विहीन

न्यूयोर्क। अमेरिकाको सबैभन्दा बढी जनसङ्ख्या भएको सहर मानिने न्यूयोर्कमा ८० हजार मानिस घरबार विहीन रहेको पाइएको छ।

झण्डै १५० वर्षदेखि घरबार विहीन र खाद्य अभावमा रहेकालाई सेवा गर्दै आएको बोवेरी मिसनले सार्वजनिक गरेको विवरणमा न्यूयोर्कका मात्रै ८० हजार मानिसको घर नरहेको देखिएको हो।

सन् १९३० को दशक पछि पहिलो पटक घरबार विहीन भएकाहरुको सङ्ख्या यति धेरै देखिएको सो संस्थाका अधिकारीले जनाएका छन्।

न्यूयोर्क नगरको सामाजिक सेवा विभागले भने ५५ हजार ३३८ जना मात्रै घरबार विहीन रहेको जनाएको छ। विभागको वेभसाइटमा उल्लेखित ५५ हजारमध्ये १८ हजारभन्दा बढी बालबालिका रहेको उल्लेख गरिएको छ।

घरबार विहीन रहेका सबैलाई अहिलेसम्म पनि अस्थायी शिविरमा राखेर सेवा दिइरहेको विभागले जनाएको छ।

# दुई सय मीटर अग्लो व्यावसायिक भवनमा भीषण आगलागी

**एएनआई**

चाङ्सा। चीनको हुनान प्रान्तको व्यावसायिक भवनमा भीषण आगलागी भएको स्थानीय सञ्चारमाध्यमले शुक्रबार जानकारी दिएका छन्।

यद्यपि अहिलेसम्म कुनै हताहतीको खबर भने प्राप्त भएको छैन। राज्य सञ्चालित मिडिया सीजीटीएनका अनुसार टेलिकमको भवनमा आगलागी भएको हो। सो व्यापारिक भवन २०० मिटर भन्दा अग्लो छ। यस घटना बारे थप अनुसन्धान भइरहेको छ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट



काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक १४ दशमलव १० अङ्कले ओरालो लागेर एक हजार नौ सय १० दशमलव ३८ मा सीमित भएको छ।

यस्तै, ठूल कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव २३ अङ्कले ओरालो लागेर तीन सय ७१ दशमलव ९० मा सीमित भएको छ। कूल दुई सय २० कम्पनीको २९ लाख १६ हजार दुई सय ७१ कित्ता शेयर रु ९० करोड ८१ लाख ८६ हजार चार सय ८८ मूल्यमा खरिद बिक्री भए।

नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये सामूहिक लगानी कोषको मात्रै शेयर मूल्यमा वृद्धि भएको छ । सो उपसमूहको शेयर मूल्य शून्य दशमलव शून्य एक अङ्कले उकालो लागेको छ। यस्तै, बैंकिङ छ दशमलव ८७, व्यापार छ दशमलव शून्य दुई, होटल तथा पर्यटन १९ दशमलव तीन, विकास बैंक ४४ दशमलव शून्य एक, जलविद्युत् २५ दशमलव २४, वित्त २२ दशमलव ४१, निर्जीवन बीमा २७ दशमलव ३५, उत्पादन ५५ दशमलव ८९, अन्य चार दशमलव शून्य छ, लघुवित्त ४३ दशमलव ८६, जीवन बीमा २२ दशमलव २६ र लगानी शून्य दशमलव ७६ अङ्कले ओरालो लाग्यो।

शुक्रबारको कारोबारपछि बजार पुँजीकरण रु २७ खर्ब ४४ अर्ब ८८ करोड ३५ लाख ८५ हजार बराबर रहेको छ। कारोबारका आधारमा रिडी हाइड्रोपावर शीर्ष स्थानमा छ । सो कम्पनीको रु चार करोड २३ लाख ३२ हजार छ सय ७७ बराबरको कारोबार भयो।

यस्तै, हिमालयन डिस्टिलरी रु तीन करोड दुई लाख दुई हजार दुई सय ६८, नबिल बैंक रु तीन करोड ५५ हजार, नेपाल लाइफ इन्स्योरेन्स रु दुई करोड ८४ लाख ६९ हजार चार सय ८१ र अपि पावर कम्पनी रु दुई करोड ७५ लाख ७५ हजार चार सय दुई बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भए।

नेप्सेका अनुसार नबिल ब्यालेन्स फण्ड दोस्रो सात दशमलव ८७, बुद्ध भूमि नेपाल हाइड्रोपावर छ, अप्पर हेवाखोला हाइड्रोपावर पाँच दशमलव ७५, लाइफ इन्स्योरेन्स कर्पोरेशन तीन दशमलव ९९ र हिमालयन एभरेष्ट इन्स्योरेन्सका लगानीकर्ताले तीन दशमलव ५७ प्रतिशतले कमाएका छन्।

त्यस्तै, मिर्मिरे माइक्रोफाइनान्स पाँच दशमलव ५९, रिभल फल्स पावर पाँच दशमलव ३१, अप्पर सोलु हाइड्रोपावर पाँच दशमलव ३०, ग्रीन डेभलपमेन्ट बैंक चार दशमलव शून्य नौ र एनएमबी-५० का लगानीकर्ताले तीन दशमलव ८७ प्रतिशतले गुमाएका छन् ।रासस

# सर्वसाधारणबाटै ३२ अर्ब जुटाउने तयारी



काठमाण्डु । नेपालमा देखिने र अनुभव गर्नेगरी नै पहिलो पटक स्वदेशी तथा विदेशी लगानीकर्ताले संयुक्तरुपमा माथिल्लो अरुण जलविद्युत् आयोजनामा लगानी गर्ने भएका छन् । त्यतिमात्रै नभई सो आयोजनामा पहिलो पटक ४९ प्रतिशत शेयर साधारण शेयरका रुपमा समेत लगानी हुनेछ।

नेपालका बैंक तथा वित्तीय संस्थाका अलावा, विश्व बैंक, युरोपेली लगानी बैंकलगायतले आयोजनामा लगानी गर्नेछन्। नेपालका जलविद्युत् आयोजनामा लगानी जुटाउनका लागि स्थापना भएको हाइड्रो इलेक्ट्रोसिटी इन्भेस्टमेन्ट डेभलपमेन्ट कम्पनी लिमिटेडले आवश्यक संयोजन गर्नेछ।

स ङ् ख ु वा स भा को भोटखोला गाउँपालिकामा निर्माण हुने नेपालमा हालसम्म निर्माण भएकामध्ये सबैभन्दा ठूलो आयोजनाका रुपमा रहेको माथिल्लो अरुणको क्षमता एक हजार ६१ मेगावाट बराबर छ । अर्धजलाशययुक्त प्रकृतिको सो आयोजनामा अवलम्बन गर्न खोजिएको लगानीको मोडललाई चलनचल्तीको भाषामा 'ब्लेन्डेड फाइनान्सिङ'(मिश्रित लगानी) नमूना परियोजनाका रुपमा लिइएको छ।

नेपाल विद्युत् प्राधिकरणको अगुवाइमा निर्माण हुने आयोजनामा नेपाल सरकार, प्रदेश सरकार, आयोजना प्रभावित जिल्लाका स्थानीय तह, आयोजना प्रभावित जिल्लावासी, देशभरिका सर्वसाधारणको संयुक्तरुपमा शेयर लगानी हुनेछ। सबैको साथ लिएर आयोजनालाई हालसम्मकै नमूना बनाउने सरकारको लक्ष्य छ।

सोही काममा प्राधिकरणले ठूलो मेहनतसमेत गरिरहेको छ । साँझको समयमा वा बढी बिजुली माग हुने समयमा सो आयोजना पूर्ण क्षमतामा चलाइनेछ। यस्तै अन्तर्राष्ट्रिय बहुपक्षीय विकास साझेदारको सहुलितपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाको ऋण लगानी रहने भएकाले पनि आयोजना आफैँमा उदाहरणीय छ । आयोजना निर्माण गर्न संस्थापना गरिएको अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीमा प्राधिकरणको सबैभन्दा बढी शेयर स्वामित्व रहनेछ।

निर्माण अवधिको ब्याज, मूल्यवृद्धिलगायतसहित एक अर्ब ७५ करोड अमेरिकी डलर (करिब रु दुई खर्ब १४ अर्ब) अनुमानित लागत रहेको माथिल्लो अरुणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी (इक्विटी)बाट जुटाइनेछ। करिब रु एक खर्ब ५० अर्ब रुपैयाँ ऋणमध्ये रु ९७ अर्ब विश्व बैंक, युरोपेली लगानी बैंक जस्ता बहुपक्षीय अन्तर्राष्ट्रिय विकास साझेदारबाट सहुलियपूर्ण ऋण र रु ५३ अर्ब स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट जुटेको छ।

अन्तर्राष्ट्रिय संस्थाको सहवित्तीयकरणको नेतृत्व विश्वबैंकले गर्नेछ । एचआइडिसिएलको नेतृत्वमा स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट सहवित्तीयकरणमार्फत लगानी हुनेछ।

आयोजनाका हाइड्रोमेकानिकल, इलेक्ट्रोमेकानिकल र प्रसारण लाइनका उपकरण विदेशबाट आयात गर्दा कूल लागतमध्ये करिब ३० देखि ४० प्रतिशत खर्च हुनछ। सो रकम वैदेशिक लगानीबाट प्राप्त हुने डलरबाट भुक्तानी हुँदा यसले मुलुकको सोधानान्तर बचतमा समेत सहयोग गर्नेछ।

प्राधिकरणका कार्यकारी निर्देशक एवं प्रवर्द्धक अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीका अध्यक्ष कुलमान घिसिङले माथिल्लो अरुणलाई नेपालमा ब्लेन्डेड फाइनान्सिङको पहिलो नमूना परियोजानका रुपमा निर्माण गरिने जानकारी दिनुभयो।

"एचआइडिसिएलको अगुवाइमा हुने सहवित्तीयकरणमा नेपालका निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाले पनि आयोजनामा ऋण प्रवाह गर्नेछन्, यो ब्लेन्डेड फाइनान्सिङको पहिलो प्रकारको मोडेल बन्नेछ, जसबाट मुलुकको अर्थतन्त्रमा समेत सकारात्मक हलचल ल्याउनेछ", उहाँले भन्नुभयो।

कूल चार अङ्कको जडित क्षमता भएको माथिल्लो अरुणबाट अहिले देशमा खपत भइरहेको ऊर्जाको झण्डै आधाभन्दा बढी ऊर्जा उत्पादन हुनेछ । आयोजना तुलनात्मकरुपमा सस्तो पनि छ । त्यसैले धेरैलाई सहभागी बनाएर नमूना परियोजनाका रुपमा द्रुतरुपमा अगाडि बढाउन लागिएको छ।

कूल रु ६४ अर्ब इक्विटीमध्ये ५१ प्रतिशत आयोजनाको प्रवर्द्धक अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीका संस्थापक शेयरबाट र ४९ प्रतिशत सर्वसाधारण शेयरबाट सङ्कलन गरिनेछ।

जनताको जलविद्युत् कार्यक्रममा समावेश माथिल्लो अरुणमा प्रदेश सरकार, आयोजना रहेको जिल्ला सङ्खुवासभाका स्थानीय तह, नेपाल विद्युत् प्राधिकरणलगायतका संस्थापक शेयर रहनेछ । आयोजना प्रभावित बासिन्दा, देशभरका सर्वसाधारणलगायतको ४९ प्रतिशत साधारण सेयर रहनेछ। करिब रु ३२ अर्ब सर्वसाधारणमा शेयर निष्काशन गरी सङ्कलन गरिनेछ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालको उपस्थितिमा बिहीबार साँझ प्राधिकरण, आयोजनाको प्रवर्द्धक कम्पनी र स्वदेशी ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाको सहवित्तीयकरणको अगुवा गर्ने हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी (एचआइडिसिएल) बीच ऋण लगानीसम्बन्धी समझदारीपत्रमामा हस्ताक्षर भएको छ।

प्राधिकरणका तर्फबाट कार्यकारी निर्देशक घिसिङले, एचआइडिसिएलकातर्फबाट प्रमुख कार्यकारी अधिकृत अर्जुन गौतम र प्रवर्द्धक कम्पनीका तर्फबाट प्रबन्ध-सञ्चालक फणिन्द्र जोशीले हस्ताक्षर गर्नुभएको थियो । सहवित्तीयकरणमार्फत आयोजनामा करिब रु ५३ अर्ब लगानी हुनेछ । सहवित्तीयकरणमा नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक, नागरिक लगानी कोषलगायतका बैंक तथा वित्तीय संस्था सहभागी छन् । समझदारीमा हस्ताक्षर भएको मितिबाट १२० दिनभित्र ऋण लगानीको 'टर्मसिट' तयार गरी एक वर्षभित्र आयोजनाको वित्तीय व्यवस्थापन गर्ने लक्ष्य राखिएको छ।

मन्त्री भुसालले जनतालाई प्रत्यक्ष लाभ दिने रुपान्तरणकारी आयोजनाका निर्माण पूर्वका तयारी पूरागरी जतिसक्दो शीघ्र निर्माणमा लैजानुपर्ने बताउनुभयो । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले आयोजना निर्माणका लागि तय गरिएका समयतालिका अनुसार तत्काल काम सुरु गरिनुपर्ने बताउनुभयो।

आयोजनाको निर्माण २०८१ को पुसदेखि सुरु गरी २०८७ पुसभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भई बोलपत्र डिजाइन तथा निर्माण सुपरीवेक्षणका लागि परामर्शदाता छनोटको कार्य भइरहेको छ।

आयोजनाको पूर्वतयारीमध्ये दुई किलोमिटर सुरुङ मार्गसहित करिब २१ किलोमिटर पहुँच सडक निर्माण गर्न निर्माण व्यवसायी छनोटका लागि पेश भएका बोलपत्रको मूल्याङ्कन भइरहेको छ। पहुँचमार्ग आगामी पुसदेखि सुरु गर्ने लक्ष्य राखिएको छ।

आयोजनालाई आवश्यकपर्ने निजी जग्गा अधिग्रहणका लागि मुआब्जा निर्धारण भइसकेको छ । आयोजनाबाट करिब २२ घरधुरी भौतिकरुपमा विस्थापित हुनेछन् । आयोजनाको निर्माणबाट वातावरणीय तथा सामाजिक प्रभाव तुलनात्मकरुपमा न्यून रहने अध्ययनले देखाएको छ।

आयोजनालाई विद्युत् बढी माग हुने हिउँदका छ महिनामा दैनिक छ घण्टा पूर्ण क्षमतामा चलाउनेगरी डिजाइन गरिएको छ । आयोजनाबाट वार्षिक चार अर्ब ५१ करोड युनिट ऊर्जा उत्पादन हुनेछ। यसमध्ये करिब ३० प्रतिशत ऊर्जा हिउँदमा उत्पादन हुनेछ । उत्पादित विद्युत्लाई करिब छ किलोमिटर चार सय केभीको प्रसारण लाइनमार्फत सङ्खुवासभाको हाइटारमा प्रस्तावित सबस्टेसनमार्फत राष्ट्रिय प्रणालीमा प्रवाह गरिनेछ।

प्राधिकरणले माथिल्लो अरुणकै अङ्ग रहनेगरी ३० मेगावाटको इखुवा जलविद्युत् आयोजना अगाडि बढाएको छ । इखुवा पनि जनता जलविद्युत् कार्यक्रममा समावेश भएको आयोजना हो। वर्तमान सरकारले सोही आयोजनासँगै एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि कम्पनी स्थापना गरिसकेको छ ।रासस

**निर्माण अवधिको ब्याज, मूल्यवृद्धिलगायतसहित एक अर्ब ७५ करोड अमेरिकी डलर (करिब रु दुई खर्ब १४ अर्ब) अनुमानित लागत रहेको माथिल्लो अरुणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी (इक्विटी)बाट जुटाइनेछ। करिब रु एक खर्ब ५० अर्ब रुपैयाँ ऋणमध्ये रु ९७ अर्ब विश्व बैंक, युरोपेली लगानी बैंक जस्ता बहुपक्षीय अन्तर्राष्ट्रिय विकास साझेदारबाट सहुलियपूर्ण ऋण र रु ५३ अर्ब स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट जुटेको छ।**

# भिभोद्वारा नेपालमा दुई स्मार्टफोन सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । भिभोले वाई सिरिजका दुई नयाँ स्मार्टफोनहरू - वाई३५ र वाई२२ सार्वजनिक गरेको छ। वाई सिरिजका स्मार्टफोनहरु प्रयोगकतालाई सुलभ मूल्यहरूमा फ्ल्यागशिप अनुभव प्रदान गर्नका लागि परिचित छन् र हालै सार्वजनिक भएका यी दुवै स्मार्टफोनले पनि फ्ल्यागशिप अनुभव प्रदान गर्नेछन्। स्टाइलिस तथा आकर्षक भिभोको नयाँ स्मार्टफोन वाई ३५ र वाई२२ पनि युवाहरूको रोजाइमा पर्ने उत्कृष्ट स्मार्टफोन हुनेछन्।

नयाँ स्मार्टफोन सार्वजनिक गर्दै भिभो नेपालका सीईओ माइकलले भने-'हाम्रो प्रसिद्ध वाई सिरिजका साथ भिभोले नेपाली युवाहरूको आवश्यकतालाई निरन्तरता पूरा गर्दै आइरहेको छ । यसको उत्कृष्ट विशेषताहरु र उचित मूल्य निर्धारणको कारण प्रयोगकर्ताहरुले वाई श्रृंखलालाई मन पराएका छन् । हामीले भिभो वाई३५ र वाई२२ नेपालमा उपलब्ध गराएका छौं जसमा उत्कृष्ट र आकर्षक प्रविधिहरू समावेश छन् । हालै सार्वजनिक भएका यी स्मार्टफोनहरू ग्राहकहरूको आवश्यकतालाई ध्यानमा राखेर बनाइएका छन्, र यसले विशाल ब्याट्री, स्टाइलिस डिजाइन, अद्भूत क्यामेरा र थप विशेषताहरुका साथ असाधारण अनुभव प्रदान गर्दछ।'

स्टाइल र प्रविधिको उत्कृष्ट संयोजनको रूपमा भिभो वाई३५ ले उद्योगमा आकर्षक विशेषताहरु प्रदान गर्दछ । यसले प्रयोगकर्ताहरूलाई थप सहज र निर्बाध अनुभवको लागि विस्तारित र्‍याम ३.० अर्थात ८जीवी र्‍याममा थप ८जीवी सम्म एक्सटेन्ड गर्न मिल्ने सुविधा दिन्छ, र एउटा एपबाट अर्कोमा बिना कुनै झन्झट सहजै स्विच गर्न सकिन्छ। यसमा ५हजार एमएएच ब्याट्री रहेको छ जसलाई ४४वाट फ्ल्यासचार्जले समर्थन गर्दछ । यो स्मार्टफोनले शक्तिशाली कार्यसम्पादन सुनिश्चित गर्दछ । यसको ५० एमपी




ट्रिपल रियर क्यामेराले उत्कृष्ट क्यामेरा क्षमताहरू प्रदान गर्दछ र उच्च गुणस्तरिय तस्विरहरू खिच्छ र व्यावसायिक क्यामेरा जस्तै ठूलो सेन्सरको प्रयोगले आवश्यक प्रकाश प्रदान गर्दछ। यसमा सुपर नाइट क्यामेरा विशेषताहरु छन् जसले प्रयोगकर्ताहरूलाई कुनै समस्या बिना नै रातको सुन्दर दृश्यहरू खिच्न मद्दत गर्दछ र बोकेह फ्लेयर पोर्ट्रेटले मल्टि-फ्रेम डिनोइजिङ र एआई ब्राइटनिङ टेक्नोलोजीको साथ स्पष्ट र आश्चर्यजनक पोर्ट्रेटहरू खिच्न मद्दत गर्दछ।

भिभो वाई२२ ले प्रयोगकर्ताहरूलाई आकर्षक विशेषताहरुको साथ अर्को उत्कृष्ट विकल्प प्रदान गर्दछ । वाई२२ मा मिडियाटेक हेलियो जी८५ प्रोसेसर रहेको छ जसले शक्तिशाली र स्मुद कार्यसम्पादन प्रतिज्ञा गर्दछ । यो स्मार्टफोन १८वाट फास्ट चार्जको साथमा शक्तिशाली ५ हजार एमएएच ब्याट्रीद्वारा संचालित छ। वाई२२ मा ५०एमपी रियर क्यामेरा छ जसबाट स्पष्ट, आश्चर्यजनक र ब्राइट तस्बिरहरू लिन सकिन्छ। वाई२२ मा सुपर नाइट क्यामेरासँगै भिडियो फेस ब्यूटी र मल्टी स्टाइल पोर्ट्रेट लगायत विभिन्न क्यामेरा विशेषताहरू पनि उपलब्ध छन् । भिडियो फेस ब्यूटी फिचरले सेल्फी वा भिडियोलाई अझ आकर्षक बनाउँछ। त्यस्तै मल्टि स्टाइल पोर्ट्रेटले धैरै पोर्ट्रेट स्टाइलहरु समावेश गर्दछ।

दुबै वाई३५ र वाई२२, वाई सिरिजका नयाँ स्मार्टफोनहरू हुन् जुन मिनिमलिस्ट स्टाइलका छन् र एजी सर्फेशका कारण होल्ड गर्न सहज छन्। २.५डी कर्भेचरको साथमा फ्ल्याट फ्रेम डिजाइनले गर्दा स्मार्टफोनमा सुन्दरता थप्छ। यसका साथै, दुवै उपकरणहरूमा फेस वेक सुविधाको साथ साइड फिंगरप्रिन्ट स्क्यानर छ।

वाई३५ (८जीवी प्लस १२८जीवी) दुई ट्रेन्डी कलर भेरियन्ट - एगेट ब्ल्याक र डन गोल्ड कलरमा रु ३० हजार ९९९ मा उपलब्ध छ। त्यस्तै ४जीवी र्‍याम र ६४जीवी रोम भएको वाई२२ स्टारलिट ब्लू र मेटाभर्स ग्रिन कलरमा रु २२ हजार ९९९ मा उपलब्ध छ।

# रोयल इनफिल्ड 'वन राइड २०२२' आयोजना गरिने


**टुडे समाचारदाता**

काठमाण्डु। बिश्वको एकमात्र पुरानो मोटरसाइकल कम्पनी 'रोयल इनफिल्ड'को लागी आधिकारिक बिक्रेता अल्फा अटोमोटिभले 'वन राइड २०२२' कार्यक्रम आयोजन गर्ने भएको छ। रोयल इनफिल्ड मोटरसाइकलका ग्राहकहरुले अनलाइन फर्म भरेर यो राइडमा सहभागी हुन सक्ने जनाइएको छ।

'वन राइड२०२२' कार्यक्रम यही असोज २ गते हुनेछ। विहान ६ बजे कमलपोखरी सिटी सेन्टरबाट सुरु हुने यो राइड चित्लाङ पुगेर बेलुका ६ बजे सिटी सेन्टरमा नै पुगेर समापन गरिने छ। यो राइड कार्यक्रममा सडक सुरक्षाका बारेमा जनचेतना जोगाउँदै, विभिन्न मनोरन्जनात्कम खेल तथा CSR का कार्यहरुसमेत हुनेछ।

CSR को कार्यक्रम अनुरुप चित्लाङमा रहेको 'श्री कालीदेवी आधारभुत बिद्यालय' का विधार्थीहरु लाई स्कुल ब्याग वितरण गरिने छ चित्लाङका वार्ड अध्क्षयको र बिद्यालयको प्रधनाध्यापक समेतको संलग्नता रहने छ जनाइएको छ।

वन राइडको पहिलो संस्करण २०११ मा आयोजना गरिएको थियो। बिश्वभरका सबै रोयल इनफिल्डका ग्राहकहरुलाई एकै ठाउँमा ल्याउने उद्देश्यले यो राइड आयोजना गर्न थालिएको हो। यसरी शुरु गरिएको राइड बिश्वमा दुईपांग्रे सवारीको सबैभन्दा ठुलो राइडमा गणना हुन थालेको छ। बार्षिक रुपमा रोयल इनफिल्डको समुदायमा सबभन्दा ठुलो कार्यक्रम मानिन्छ।




बिश्वमा देखिएको वातावरणीय, पर्यावरण, मौसममा भएको परिबर्तनका कारणले जलचर, थलचरलाई प्रभावित भएको हुदाँ हामी पर्यावरण संरक्षण एवं दुर दराजसम्म पुगी सहयोग गर्ने उद्देश्य राखेका छौ। दुर्गम ठाउँमा पुगी वातावरण सफा गर्ने, हाम्रो वातावरणीय प्रभावलाई कम गर्न मद्दत गर्ने, र हरेक ठाउँलाई राम्रोसँग सँगै छोड्ने रहेको जनाइएको छ।


## मुखियापट्टी मुसहरनियाँ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
तुलसीयाही जब्दी, धनुषा
मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०६।०१**

यस गाउँपालिका कार्यालयको लागि आ.व. ०७९।८० मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७७/०७८ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०७८/०७९ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०७८/०७९ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्याथी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैँचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

प्रमुख प्रशासकीय अधिकृत

# कांग्रेस सहमहामन्त्रीले बुझाए उम्मेदवारको सूची

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस समानुपातिक प्रणालीतर्फ उम्मेदवारको बन्दसूची बनाउने अन्तिम तयारीमा छ । कांग्रेसका ८ जना सहमहामन्त्रीले मातहतका समितिबाट केन्द्रमा सिफारिस भएर आएका उम्मेदवारको नाम क्लस्टर अनुसार सूचीकृत गरेर प्रतिवेदन बुझाएका छन् ।

शुक्रबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको शीर्ष नेताको बैठकमा सहमहामन्त्रीहरुले समानुपातिकतर्फ प्रतिनिधि र प्रदेशसभाका लागि सिफारिस भएकाहरुको नाम छुट्याएर बुझाएका छन् । सहमहामन्त्री बद्री पाण्डेले भने, 'हामीले क्लस्टरको अलग अलग सूची बनाएका थियौं । ती सामग्री बैठकमा सहभागी नेताहरुलाई उपलब्ध गरायौं । यसमाथि अध्ययन हुन्छ ।'

सहमहामन्त्रीले क्लस्टर अनुसार तयार पारे उम्मेदवार हरूको सूचीमाथि शनिबार दिउँसो २ बजे बस्ने बैठकमा थप छलफल हुने पाण्डेले बताए । उनले भने, 'शनिवारको बैठकमा उम्मेदवार छनोटबारे आफ्नो सुझाव दिन्छौं । नाम छनोटको विधि अनुसार टुंग्याउने बन्ने कुरा भएको छ ।

समानुपातिक प्रणालीतर्फ उम्मेदवारको बन्दसूची असोज २ र ३ मा बुझाउने निर्वाचन आयोगको कार्यतालिका छ । प्रतिनिधिसभाका लागि दलहरूले समानुपातिक बढीमा १ सय १० र कम्तीमा ११ उम्मेदवारको नाम बुझाउन सक्छन् । प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ अनुसार दलहरूलेसमावेशीसिद्धान्तअनुसार उम्मेदवारको बन्दसूची तयार गर्नुपर्ने हुन्छ ।

दलित, आदिवासी जनजाति, खस-आर्य, मधेशी, थारू र मुस्लिमको संख्यामा प्रतिशतका आधारमा प्रतिनिधित्व हुने गरी उम्मेदवारको नाम दलहरूले आयोगमा बुझाउनुपर्छ । खसआर्य ३४, आदिवासी जनजाति ३२ जना, थारु ७, दलित १५, मधेशी १७ र मुस्लिम ५ जनाको नाम समेटिनुपर्ने कानूनी व्यवस्था छ । प्रत्येक समावेशी समूहबाट कम्तीमा ५० प्रतिशत महिला हुनुपर्छ । यस्तै प्रदेश १ मा ३७, मधेश प्रदेशमा ४३, बागमती प्रदेशमा ४४, गण्डकी प्रदेशमा २४, लुम्बिनी प्रदेशमा ३५, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिममा २१ उम्मेदवारको नाम छनोट गर्नुपर्ने छ ।

# बजार क्षेत्रको स्वरुप फेरियो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका क्षेत्रको अधिकांश सडक यतिबेला फराकिलो र कालोपत्र भएका छन् । जसका कारण पछिल्लो समय जनकपुरधाम बजार क्षेत्रको स्वरुप फेरिएको छ ।



मधेश प्रदेशको राजधानी घोषणा हुनुपूर्वसम्म अतिक्रमण र जीर्ण रहेका नगर क्षेत्रका अधिकांश मुख्य तथा सहायक सडक यतिबेला स्तरोन्नतिसँगै कालोपत्र भएपछि नगर क्षेत्रको स्वरुप फेरिएको छ ।

"केही वर्षअघिसम्म एकातिर नगर क्षेत्रका अधिकांश सडक अतिक्रमणमा परेका थिए भने अर्कातिर सडकमा ग्राभेल र खाल्डाखुल्डी भएर जीर्ण बनेको थियो", जनकपुरधाम उपमहानगरपालिका-४ का स्थानीय किशोर झाले भने, "तर अस्थायी राजधानी बनेसँगै अहिले सडक फराकिलो र कालोपत्र भएका छन्, जसका कारण बल्ल आफूहरू प्रदेश राजधानीवासी भएको आभाष भइरहेको छ ।" सडक स्तरोन्नतिसँगै कालोपत्र भएकाले आवतजावतमा सहज मात्र होइन, नगर क्षेत्रको सौन्दर्यसमेत बढेको उनको भनाइ छ ।

सडक हिलाम्मे र धुलाम्मे भएका कारण ठूलो सास्ती भोगेका जनकपुरधाम उपमहानगरपालिकावासी अब भने यो समस्याबाट मुक्त हुँदै गएको छ । "वर्षा लागेपछि नगर क्षेत्रका बाटामा हिँड्न पनि समस्या हुन्थ्यो, तर अहिले सडक चिल्ला भएकाले सहजै हिँड्न सक्ने अवस्था भएको", उनले बताए ।

"सडक साँघुरो र जीर्ण हुँदा कदम चोकबाट रमानन्द चोकसम्म एक घण्टासम्म लाग्थ्यो, तर अहिले १० मिनेट पनि लाग्दैन", उनले भने, "पहिला सडकको दुरावस्थाका कारण बाहिर जिल्लाबाट आउने मानिस पुनः जनकपुरधाम आउन चाहँदैनथे, तर अहिले सडक सफा र बजार फराकिलो भएपछि बाहिर जिल्लाबाट मानिस आउने क्रम ह्वात्तै बढेको छ ।" यसबाट जनकपुरधामको सौन्दर्य बढ्नुका साथै पर्यटन प्रवर्द्धनमासमेत ठूलो फाइदा पुगेको छ ।

केही वर्षअघिसम्म अतिक्रमणको चपेटामा पर्दै गएको जानकीचोक, रामचोक, पेठिया बजार, कदमचोक, मुरलीचोक, तिरहुतिया गाछी, निधिमार्गलगायतका स्थानमा सडक फराकिलोसँगै कालोपत्र भएका छन् ।

यसैबीच जनकपुरधाम उपमहानगरले आर्थिक वर्ष २०७८/७९ मा नगर क्षेत्रका करिब नौ किलोमिटर सडक कालोपत्र र अढाइ किलोमिटर सडकमा माटो ग्राभेलद्वारा सडक मर्मत गरेको छ । उपमहानगर योजना शाखाका अनुसार आव २०७८/७९ मा आठ दशमलव ८१ प्रतिशत सडकमा कालोपत्र गरिएको छ ।

यस्तै ढल निकासका लागि सो आवमा तीन दशमलव ९२ प्रतिशत पक्की नाला निर्माण गरिएको र दुई दशमलव १९ किलोमिटर सडकमा माटो ग्राभेलद्वारा मर्मत गरिएको योजना शाखाका इञ्जीनियर राकेशकुमार यादवले जानकारी दिए ।

त्यस्तै स्वास्थ्य, शिक्षा क्षेत्रलाई प्राथमिकता दिएको उपमहानगरले आव २०७८/७९ मा स्वास्थ्यचौकी र विद्यालय गरी १८ वटा नयाँ भवन निर्माण गरिएका छ ।

नगर क्षेत्रका १० वटा सामुदायिक भवनको मर्मतसम्भार गरी जीर्णोद्वार गरिएको उपमहानगरपालिकाले जनाएको छ । जनतालाई स्वच्छ, शुद्ध खानेपानी पुऱ्याउने उद्देश्यले सो आवमा नगर क्षेत्रका विभिन्न स्थानमा ४९ वटा चापाकल जडान गरिएको उनले बताए ।

विगतमा फोहर र कुरुप शहरको पहिचान बनाएको जनकपुरधाम नगर क्षेत्रमा पछिल्लो समय यहाँ भएको विकासले जनप्रतिनिधि मात्र होइन, स्थानीयसमेत उत्साहित बनेका छन् । जनप्रतिनिधि र कर्मचारीबीचको तालमेलका कारण नगर क्षेत्रमा परिवर्तनको सङ्केत देखिन थालेको उपमहानगरपालिका प्रमुख मनोजकुमार साहले जानकारी दिए ।

"आफू निर्वाचित भएदेखि सडक पूर्वाधारसँगै शिक्षा, स्वास्थ्य र सरसफाइलाई प्राथमिकतामा राखेर नगरको विकासमा जुटेको छु", नगरप्रमुख साहले भने, "सडक विस्तार, फोहर व्यवस्थापन, ट्राफिक व्यवस्थापन, मन्दिरसम्म जाने सहज र फराकिलो बाटो निर्माण, ग्रामीण क्षेत्रका वडामा खुला नालामुक्त अभियान चलाएका छौं, यसमा कर्मचारीको पनि राम्रै साथ पाएका छौं ।"

# नगरसभा सम्पन्न



**टुडे समाचारदाता**

पर्सा । पर्साको बहुदरमाई नगरपालिकाको ८ औ नगरसभा शुक्रबार सम्पन भएको छ ।

नेपाल भरिको नगरसभा असार १० गते हुनु पर्नेमा साढे ३ महिना ढिलो भएको हो ।

नगरसभाबाट आर्थिक बर्ष ०७९/८० को नीति कार्यक्रम तथा बजेट प्रस्तुतिकरण कार्यक्रमबाट ६७ करोड ७९ लाख ११ हजार ४ सय ३१ रुपैयाँ तिरानबे पैसाको अनुमानित बजेट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिदुर प्रसाद उप्रेतीले प्रस्तुत गरेका थिए ।

नीति कार्यक्रम तथा प्रस्तुतिकरणमा संघीय सरकारको समानिकरण अनुदान १३ करोड ८२ लाख, सशर्त अनुदान २१ करोड ३ लाख,सम्पुरक अनुदान १ करोड, राजस्व बाँडफाट (करोड ३१ लाख ४९ हजार) लगायतको बजेट पारित गरिएको छ ।

बजेटमा शिक्षा, स्वास्थ्य ,कृषि , पर्यटन, भौतिक पूर्वाधार विकास, युवा तथा महिला बालबालिका लगायतको योजनाहरु राखिएको नगरप्रमुख सिंगासन साह तेलीले बताए ।

नगरसभा ढिलो भएपनि तर दुरुस्त आएको सम्पूर्ण जनताहरुको हितमा योजना समेटीएको मेयर साहले बताए ।

कार्यक्रममा उपमेयर सुष्मा कुमारी कुशवाहा, वडा अध्यक्ष प्रमोद यादव,जितेन्द्र पटेल,दिनेश यादव , सुरेन्द्र प्रसाद यादव,सुनिल महतो कोईरी,प्रमोद प्रसाद साह,बिरेन्द्र प्रसाद यादव,पुनिलाल साह,रबिन्द्र कुमार गुपत, लगायत पालिका सदस्य,नगरपालिका सदस्य,कर्मचारी ईन्जिनियर बिनेश कु साह, ईश्वरदेव प्रसाद यादव, लेखा उपेन्द्र साह, सह लेखा हरी प्रसाद कुर्मी ,सामाजिक विकासका प्रमुख रामबाबु प्रसाद कुर्मी,आईटी औफिसर भास्कर पाण्डे,बिरेन्द्र साह,लगायतको सहभागिता रहेको थियो॥

# सस्तो बजार लगाउने तयारी सुरु



**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा सस्तो बजार लगाउने तयारी सुरु भएको छ ।

शुक्रबार जनकपुरधाम उद्योग वाणिज्य संघले उपसमिति गठन गरी तयारी सुरु गरेको छ ।

असोज १० गते घटस्थापनादेखि १७ गते सम्म गोपाल धर्मशालामा बजार लगाउने संघले निर्णय गरेको आयोजक संस्थाका अध्यक्ष जितेन्द्र महासेठले जानकारी दिए ।

उनका अनुसार शुक्रबार सस्तो बजारको व्यवस्थापनको लागि चार वटा उपसमिति गठन र सरोकारबला निकायसँग अन्तरक्रिया कार्यक्रम गरी तयारी सुरु गरिएको हो । संघले आपूर्ति व्यवस्थापन समिति, गुणस्तर तथा मूल्य निर्धारण, प्रचार प्रसार, सरसफाइ, शान्ति सुरक्षा, प्राथमिक उपचार र अनुगमन तथा सुपरीक्षण समिति गठन गरेको छ ।

दशैं, दीपावली तथा छठ पर्वमा सहुलियत दरमा गुणस्तरीय खाद्यान्न सहितका दैनिक उपभोग्य सामानहरू विक्री गर्ने लक्ष्यसहित बजारको आयोजना हुन लागेको छ ।

गत वर्ष दशैं बजारमा १ सय ६ वटा स्टल रहेका थिए । यस वर्ष पनि सोही संख्यामा स्टलहरू निर्माण गर्ने संघको तयारी छ ।

# आश्रमको पेटीबाट जरायोको सिंग बरामद

**राकेश यादव**

रौतहट । नेपाल भारत मैत्री वीरांगना फाउंनडेशन द्वारा संचालित नेपाल भारत मैत्री अनाथ आश्रम भएको घर शुक्रवार गौर नगरपालिकाले खाली गराएको छ ।

घर भाड़ामा लिएर अनाथ आश्रम सञ्चालन गरेका संचालकले घर धनीमाथि विभिन्न किसिमको यातना दिनुको साथै घर नै अवैध रुपमा कब्जा गर्ने मनसाय लिएको कारण पीडित घर धनीले दिएको निवेदनको आधारमा नगरपालिकाका नगर प्रमुख शम्भु साहले नगर प्रहरी परिचालन गरेर घर खाली गराएका छन् ।

भाड़ामा घर लिएर घरको भाडा पनि नदिने,बिजुलीको बिल खानेपानीको बिल पनि समयमा नतिर्ने , सर सफाइ समेत नगर्ने,घरमा बस्न पनि नदिने , खाली गराउन जादा कुटपिट गर्ने जस्ता कार्य संचालक प्रभा सिंहले गर्दै आएको पीड़ित घरपट्टी इंदिरा पुड़ासैनीले बताएकी छन् । घर खाली गराउनको लागि विगत



३ वर्ष देखि विभिन्न अड्डा अदालत धाउदै आएकोमा शुक्रबार नगरपालिकाका मेयर साहका कारण न्याय पाएको उनले बताइन ।

पहिलो चरणको कोभिड १९ को महामारीको बेलादेखि नै घर खाली गराउने प्रयासमा लागेकि पुडासैनीले न्याय पाएको महसुस भइरहेको बताइन् ।

तत्कालीन प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव,प्रहरी उपरीक्षक सिद्धि विक्रम साह र गौर नगरपालिकाका मेयर अजय गुप्ताको पालामा घर खाली गराइ दिनको लागि पहल गरे पनि गराउन सकिएको थिएन ।

अदालतबाट आदेश हँदा पनि त्यसको वास्ता नगर्ने संचालिका सिंहले कयौं पटक कुटपिट गरेको पनि उनले सुनाए । कुटपिट बाट हाथ पनि भाँचिएको थियो र ढिलो भए पनि न्याय पाएको खुशी अनुभूति भइरहेको उनले बताइन ।

घर खाली गराउने क्रममा संचालिकाको टिनको ठूलो वाकस पेटीमा लुकाएर राखिएको जरायोको सिंग पनि बरामद भएको छ ।

अनाथ आश्रमबाट संचालिका बाहिर रहेको अवस्थामा नगर प्रहरीले स्थानीय जनप्रतिनिधि ,प्रहरीको रोहवरमा घर भित्र रहेको सर सामानको मुचुल्का गरी वड़ा नम्बर ५ को वडा कार्यालयमा राखिएको छ ।

जरायोको सिंग घरमा राख्न नमिल्ने भएकोले त्यस माथि क़ानूनी कारवाही गर्न सम्वन्धित जिल्ला वन कार्यालयबाट माग गरिएको छ ।

गएको साउनमा प्रहरी प्रशासनको रोहवरमा अनाथ आश्रममा जोखिममा भएकी दुई बालिकालाई उद्दार गरी बाल हेल्प लाइनको जिम्मा लगाइएको थियो । सो आश्रमबाट उद्दार गरिएकी एक नबालिकाको शरीरबाट परिवार नियोजनको अस्थायी साधन नरप्लान्ट फेला परेको थियो ।

२ बर्ष देखि आश्रममा बस्दै आएको १४ वर्षीय बालिकाको शरीरबाट नरप्लान्ट बरामद भए पनि रौतहट प्रहरी अहिले सम्म संचालिकालाई नियन्त्रणमा लिएर कारवाही गर्न सकेको छैन ।

# जनकपुरधाममा टिभिएस एक्सचेन्ज अफर सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामस्थित टिभिएस मोटरसाइकल तथा स्कुटरको अधिकारिक




विक्रेता जगदम्बा मोटर्सले एक्सचेन्ज अफर सुरु गरेको छ ।

शुक्रबार देखि जनकपुरधामस्थित भ्रमरपुराचोकमा रहेको टिभिएसको शोरुममा टिभिएस आर्यन अटो मोवाइल्समा एक्सचेन्ज अफर सुरु भएको हो । सबै वर्गले मोटरसाइकल तथा स्कुटर विश्वकर्मा पूजा,दशैं दीपावली र छठ लक्षित योजनासहित सुरु गरिएको अफर असोज ३ गत्तेसम्म चल्ने आर्यन अटो मोबाइल्स् जनकपुरधमका सञ्चालक रामबालक महतो (संजीव) ले जानकारी दिए । साथै मोटरसाइकल तथा स्कुटर खरिद गर्दा सात हजार तुरुन्तै छुट दिइने गरेको उनले बताए । कम्पनीले सर्भिस र स्पेयरर्स सेवासमेत मेलामा उपलब्ध गराएको छ ।

एक्सचेन्ज अफरमा फाइनान्स सेवा पनि राखिएको छ । फाइनान्समा २०, ४० र ५० प्रतिशत जम्मा गरेर मोटरसाइकल तथा स्कुटर खरिद गर्न सक्ने योजना ल्याइएको हो । यस्तै, नयाँ मोटरसाइकल तथा स्कुटर खरिद गर्दा दिनभरीमा एउटा मोवाइल, सातामा एक जनालाई शतप्रतिशत क्यास ब्याक अफर र ५० लाख जित्न सक्ने योजना राखिएको छ ।

# हत्या आरोपमा पाँच जना पक्राउ



**बाला खुद्दार**

जनकपुरधाम । बेग्ला बैग्लै हत्याका पाँच जना आरोपिलाई प्रहरीले पक्राउ गरेको छ । यस क्रममा अवैध सम्बन्ध लुकाउन आफ्नै भाइ बुहारीलाई हत्या गरेको आरोपमा धनुषा प्रहरीले जेठाजुसहित ३ जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले शुक्रबार पत्रकार सम्मेलन गरी जिल्लाको शहीदनगर नगपालिका -३ बस्ने यदुकहा बस्ने अरुण दासको २८ वर्षीया श्रीमती बबितिया देवी दासको हत्यामा उनका जेठाजु वीरेन्द्र दाससहित ३ जनालाई सार्वजनिक गरेको छ ।

बबितियाका श्रीमान वैदेशिक रोजगारमा मलेसियामा रहेको अवस्थामा जेठाजु दासले आफ्नै भाइ बुहारी बबितियासँग अनैतिक सम्बन्ध बनाएका थिए ।

आफूहरुबीचको सम्बन्ध गाउँसमाजमा जानकारी भएपछि आफ्नो इज्जत जाने डरले दासले आफ्ना सालो शहीदनगर नगरपालिका-७ का १९ वर्षीय उमेश दास र नातामा काका पर्ने १९ वर्षीय शत्रुधन दासलाई प्रयोग गरी बबितियाको हत्या गराएको अनुसन्धानमा खुलेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक बसन्त रजौरेले जानकारी दिए । बबितियालाई घरमै सुतिरहेको अवस्थामा तीनै जनाले मिलेर घाँटी थिचेर मारेको देखिएको उनले बताए ।

त्यसैगरी, मादक पदार्थ सेवन गरी आफ्नै आमाको हत्या गरेको आरोपमा प्रहरीले धनुषा सबैला नगरपालिका- ५ मखनाहाका २५ वर्षीय मनोज मण्डललाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ ।

त्यस्तै, कर्तव्य ज्यान मुद्दाका एक फरार प्रतिवादीलाई पक्राउ गरी सार्वजनिक गरिएको छ । पक्राउ पर्नेमा धनुषाको धनौजी गाँउपालिका वडा नम्बर-५ बहुअर्वाका २३ वर्षीय राजीवकुमार मण्डल रहेका छन् । २०७८ भदौ २६ गते बिहान २ बजेको समयमा गाँउपालिका वडा नम्बर-५ बहुअर्वा बस्ने रामअशिष मण्डलका छोरा सरोज कुमार मण्डललाई ज्यान मार्ने उद्देश्यले मनिष कुमार मण्डल र राजिव कुमार मण्डलले धारिलो हतियार (तरवार) ले प्रहार गरी गम्भीर घाइते बनाएका थिए ।

# वार्षिकोत्सवमा निःशुल्क शिविर

**टुडे समाचारदाता**

जनकपुरधाम। जनपुरधाममा एक स्वास्थ्य क्लिनिकले वार्षिकोत्सवको अवसरमा निःशुल्क दन्त शिविर र रक्तदान गरी मनाएको छ ।

जनकपुरधामउपमहानगरपालिका-७ का तराई डेन्टल क्लिनिकले प्रथम वार्षिकोत्सवको अवसरमा शुक्रबार रक्तदान कार्यक्रम तथा निःशुल्क दन्त शिविर संचालन गरेका थिए । तराई डेन्टल क्लिनिकका संस्थापक दन्त चिकित्सक मिशा महासेठको अध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर ७ का वडाध्यक्ष निरज कुमार साहको प्रमुख अतिथि रहेका थिए । ब्लड फर नेपालको समन्वयमा भएको कार्यक्रममा दुई दर्जन भन्दा बढी व्यक्तिले रक्तदान गरेका थिए ।

निःशुल्क दन्त शिवीरबाट पनि धैरै जनाले लाभ लिएका छन् । क्लिनिकले एक वर्षमा करिव दुई हजार बिरामीको उपचार गरी सेवा दिएको जनाएको छ ।

एक बर्ष भित्र तराइ डेन्टल क्लिनिकले धनुषा महोत्तरीको विभिन्न ठाउँमा २४ वटा निःशुल्क दन्त शिविर संचालन गरी सर्वसाधारणलाई निशुल्क दन्त सेवा प्रदान गरेको छ ।

**स्वदेशी उत्पादन, उद्योग र व्यवसायलाई प्रबर्द्धन गरौं ।**

- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रबर्द्धन गरौं,
- रोजगारीको श्रृजना हुनेखालका उद्योग व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- बिलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८